# हाम्रो शुक्लाफाँटा

## स्थानीय विषयको पाठ्यक्रम

## आधारभूत तह (कक्षा ४ र ५)

२०७९

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर

## १. परिचय :

बालकको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजना नै पाठ्यक्रम हो । यसले वास्तविक जीवन र सिकेका अनुभवबीच सामञ्जस्य ल्याउन विषयवस्तुलाई विद्यार्थी समक्ष पेश गर्ने बाटो प्रदर्शन गर्दछ । तसर्थ पाठ्यक्रमलाई शैक्षिक गतिविधिको मेरुदण्डको रुपमा लिन सकिन्छ । व्यापक अर्थमा, सिकारुको सैद्धान्तिक, व्यावहारिक तथा वैज्ञानिक ज्ञान, सिप र अभिवृत्तिको विकासका लागि गरिने सङ्गठित एवं व्यवस्थित शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । समग्रमा शैक्षिक लक्ष्य तथा उद्देश्यहरु पूरागर्नका लागि तयार पारिएको योजना पाठ्यक्रम हो । यसले विद्यार्थी तथा समाजका आवश्यकता र चाहनाहरु पूरागर्न सक्नु पर्दछ ।

नेपालमा विविध भौगोलिक, सांस्कृतिक, भाषिक लगायतका परिवेशका कारण विभिन्न समाजका आवश्यकता र चाहना फरक फरक छन् । यस्तो अवस्थामा केन्द्रीय तहबाट निर्माण गरिएको पाठ्यक्रमले नेपालको विविधतालाई समेट्न सक्दैन । त्यसैले,स्थानीय संस्कृति, जनजीवन, भूगोललगायतका पक्षलाई समेट्न सक्ने गरी स्थानीय आवश्यकताको आधारमा पाठ्यक्रमको निर्माण र प्रयोग गर्नुपर्ने अवधारणा आएको हो । यसै अवधारणाको आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १-३ सम्म क्रेडिट आवर ५ तथा वार्षिक पाठ्यघण्टा १६० र कक्षा ४-८ मा क्रेडिट आवर ४ तथा वार्षिक पाठ्यघण्टा १२८ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने प्रावधान राखेको छ ।

स्थानीय पाठ्यक्रमले स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला, संस्कृति लगायत विविध पक्षको संरक्षण र सम्वर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ । यसमा सम्बन्धित क्षेत्रको विषयवस्तुले स्थान पाएको हुन्छ । स्थानीय पाठ्यक्रम मार्फत बालबालिकाहरुमा आफ्नो परिवेशबाट सिक्ने, नजिकको वातावरण/भूगोलसँग सम्बन्धित ज्ञानको उत्खनन गर्ने, देखेभोगेका कुराहरुको गहिराइमा पुग्ने, आफ्नो समुदायमा रहेका मूल्य मान्यता, अनुभव र ज्ञान परीक्षण र पुनः परीक्षण गर्ने, आफ्नो नजिकको ज्ञान, सिप र अनुभवलाई फराकिलो पार्दै विश्वव्यापी ज्ञानसँग समिश्रण गर्ने सामाजिक मुद्दाहरुसँग परिचित हुने, विकृतिहरुसँग विद्रोह गर्ने गुणको विकास हुन्छ । स्थानीय पाठ्यक्रम "विश्वव्यापीरुपमा सोच राखी स्थानीय रुपमा कार्यान्वयनमा ल्याउ *(Think Globally Act Locally)"* भन्ने अवधारणालाई मूर्तरुप दिनका लागि ल्याइएको विकसित अभ्यास हो । त्यसैले यसलाई शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाको रुपमा पनि लिन सकिन्छ । पाठ्यक्रमको स्थानीयकरणले मूल पाठ्यक्रमले समेट्न नसकेको विषयवस्तुलाई प्रमुखता दिएको हुन्छ ।

शुक्लाफाँटा नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको क्रममा यस क्षेत्रका शिक्षासँग सरोकार राख्ने शिक्षाविद, पाठ्यक्रमविद, समाजसेवी, जनप्रतिनिधि, नगर शिक्षा समिति, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, गैर सरकारी संस्था तथा सरोकारवाला सम्पूर्ण पक्षसँग छलफल गरी परामर्श लिइएको हो । सम्बन्धित पक्षबाट प्राप्त सुझावहरु नै पाठ्यक्रमको मूल आधार रहेको छ । छलफलबाट सङ्कलन गरिएका आवश्यकताहरुलाई आठओटा क्षेत्रहरुमा समेटेर "हाम्रो शुक्लाफाँटा" नामक पाठ्यक्रम तयार पारिएको छ । यस अन्तर्गत आधारभूत तह

(कक्षा ४-५) का लागि तयार पारिएको स्थानीय पाठ्यक्रममा शुक्लाफाँटा नगरपालिकाको भौगोलिक, ऐतिहासिक, शैक्षिक तथा राजनैतिक अवस्थाको परिचय सम्मका विषयवस्तुहरु समावेश गरिएका छन् । स्थानीय सरकार अन्तर्गत वडा समितिको परिचय, काम, कर्तव्य र अधिकारका विषयवस्तुहरु हाम्रो नगरपालिका क्षेत्रमा समेटिएका छन् । त्यसैगरी नगरपालिकाभित्र रहेका धर्म, सँस्कृति तथा साँस्कृतिक मूल्यमान्यताहरु, प्राकृतिक श्रोत साधनहरु, पर्यटकीय स्थलहरु आदिको पहिचान, जगेर्ना, संरक्षण र सम्वर्द्धनका लागि पनि विषयवस्तुहरु यसमा राखिएका छन् । पेसा, व्यवसायको उचित सम्मान गरी आधुनिक प्रविधिको प्रयोग गर्न प्रेरित गर्ने तथा कृषि पेशालाई सम्मान गरी आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रेरित गर्ने खालका विषयवस्तु पनि यसमा समावेश गरिएका छन् । स्वस्थ्य वानी व्यवहारको विकासका लागि स्वास्थ्य र सरसफाइका विषयवस्तुहरु अन्तर्गत व्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई, हाम्रो स्वच्छ खानपानका विषयवस्तु यसमा राखिएका छन् । नगरपालिकाभित्र घट्न सक्ने प्राकृतिक विपद्हरु प्रति सचेतता र क्षति न्यूनीकरणका लागि पनि यसमा विषयवस्तु राखिएका छन् ।

आधारभूत तह (कक्षा ४-५) का लागि तयार पारिएको हाम्रो शुक्लाफाँटा विषयको पाठ्यक्रम शैक्षिक सत्र २०७९ मा कक्षा ४ मा र शैक्षिक सत्र २०८० मा कक्षा ५ मा लागु हुनेछ ।

**स्थानीय विषय हाम्रो शुक्लाफाँटाको आवश्यकता :**

१. शुक्लाफाँटा नगरपालिको भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षका बारेमा परिचित गराउन
२. शुक्लाफाँटा नगरपालिका भित्रका स्थानीय कला, संस्कृति, मूल्यमान्यता, प्राकृतिक स्रोत साधन र पर्यटकीय स्थल आदिको संरक्षण तथा सम्वर्द्धन गर्न
३. स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रविधिको पहिचान, संरक्षण तथा संम्बर्द्धन गरी त्यसलाई आधुनिक प्रविधिसँग सम्बन्धित गराउन
४. विभिन्न समयमा हुन सक्ने विपद् तथा जोखिमको पहिचान, विपद तथा जोखिमबाट जोगिन र धनजनको क्षति न्यूनिकरण गर्न
५. नगर क्षेत्रभित्रको शिक्षा, स्वास्थ्य, सरसफाई र वातावरण प्रतिको सचेतना बृद्धि गर्न
६. स्थानीय कृषि उपज तथा कृषि औजारहरु प्रति परिचित भई कृषिमा आधुनिक प्रविधिको प्रयोग गर्न ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार निर्धारण गरेको छ :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ३. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास *(Apprenticeship)* समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधारमानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास | प्रारम्भिक बालविकास शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ४. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार आधारभूत तह (४-५) को पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

तालिका २: आधारभूत शिक्षा ( कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमाआधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीयविज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ ।यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा(संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषयअध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ५. आधारभूत शिक्षा (कक्षा ४–५) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमता देहाय बमोजिम हुने छन्

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप *(Life skils)* तथा व्यवहारकुशल सिप *(Soft Skills)* को विकास

६. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास

७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

## ६. हाम्रो शुक्लाफाँटा विषयका तहगत सक्षमता

हाम्रो शुक्लाफाँटा विषयको पाठ्यक्रमलेआधारभूत तह (कक्षा ४-५) का बालबालिकाहरुमा निम्न लिखित सक्षमता विकास गर्ने उद्देश्य राखेको छ ।

१. शुक्लाफाँटा नगरपालिकाको भौगोलिक, ऐतिहासिक, सामाजिक, शैक्षिक, आर्थिक, जनसाङ्ख्यिक र स्वास्थ्य अवस्थाको परिचय,

२. स्थानीय जातजाति र भाषाभाषिको चाँडपर्व, चालचलन र सांस्कृतिक मूल्यमान्यताहरुसँग परिचित भइ पारस्परिक सम्बन्ध विकास,

३. प्राकृतिक स्रोत साधनको पहिचान, सदुपयोग, संरक्षण र सम्वर्द्धन,

४. पर्यटनसँग परिचित भई शुक्लाफाँटा नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण, सम्बर्द्धन र प्रचारप्रसार,

५. स्थानीय ज्ञान सिपमा आधारित परम्परागत पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान गरी उपयुक्त आधुनिक प्रविधिको अभ्यास,

६. स्वास्थ्य, सरसफाई र वातावरणप्रति सचेत भई स्वस्थकर जीवनशैली विकासका लागि उत्प्रेरित,

७. प्राकृतिक प्रकोप र विपदप्रति परिचित भई सावधानीका उपायहरु अवलम्बन,

८. कृषि तथा पशुपन्छीपालनको महत्व आत्मसात गरी स्थानीयस्तरमा उक्त व्यवसायप्रति उत्प्रेरित ।

## ७. हाम्रो शुक्लाफाँटा विषयको कक्षागत सिकाइ उपलब्धि (कक्षा ४ र ५)

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो नगरपालिका | १. शुक्लाफाँटा नगरपालिकाको भौगोलिक बनोटको परिचय दिन<br>२. वडा समितिको परिचय दिन<br>३. वडाको स्वास्थ्य सेवाहरु बताउन<br>४. वडाको शैक्षिक अवस्था वर्णन गर्न | १. शुक्लाफाँटा नगरपालिकाको ऐतिहासिक परिचय दिन<br>२. वडा कार्यालयबाट सम्पादन हुने कार्यहरुको सूची बनाउन<br>३. शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रवाह हुने सेवाहरुबारे जानकारी लिन<br>४. शुक्लाफाँटा नगरपालिकाको शैक्षिक अवस्था बताउन |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | ५. नगर क्षेत्रमा बोलिने भाषाहरु पहिचान गर्न<br>६. मातृभाषाका कविता र गीत लय मिलाएर गाउन<br>७. स्थानीय चाँडपर्व, तिनको तिथिमिति र महत्व बताउन<br>८. स्थानीय बाजा, पहिरन र गरगहनाको परिचय दिन | ५. होली गाउन र अभिनय गर्न<br>६.राना र चौधरी भाषाका दैनिक जीवनमा प्रयोग हुने शब्दहरु बोल्न र नेपाली भाषासँग तुलना गर्न<br>७. थारु समदायका प्रमुख प्रथाहरुको जानकारी लिन<br>८. घरपरिवार र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता निमार्ण र पालना गर्न |
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | ९. प्राकृतिक स्रोत तथा सम्पदाको परिचय दिई तिनको महत्व वर्णन गर्न<br>१०. प्राकृतिक स्रोतको वर्गीकरण गर्न<br>११. जडीबुटीको परिचय दिई औषधिको रुपमा तिनको प्रयोग गर्न<br>१२. वनजङ्गलको महत्व बताइ संरक्षणमा सहभागी हुन | ९. प्राकृतिक स्रोत तथा सम्पदाको उपयोग वर्णन गरी तिनको संरक्षणका उपायहरु बताउन<br>१०. प्राकृतिक स्रोतको वर्गीकरण गर्न<br>११. जडीबुटीको परिचय दिई औषधिको रुपमा तिनको प्रयोग गर्न<br>१२. संरक्षणको आधारमा वनको किसिम बताउन |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १३. पर्यटनको परिचय दिई महत्व बताउन<br>१४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका पर्यटकीय स्थलहरु पहिचान गर्न<br>१५. नगरक्षेत्रभित्र रहेका धार्मिक पर्यटकीय स्थलहरुको सूची बनाउन | १३. मणिका तालको विशेषता वर्णन गरी यसको पर्यटन विकासका लागि आवश्यक कार्यहरुको खोजी गर्न<br>१४. सिद्धबैजनाथ तालको विशेषता वर्णन गरी यसको पर्यटन विकासका लागि आवश्यक कार्यहरुको खोजी गर्न<br>१५. थारु सङ्ग्रहालयको महत्व बताउन र पर्यटनका लागि प्रचार प्रसार गर्न |

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १६. पेसाको परिचय दिई परम्परागत पेसाको सूचि बनाउन<br>१७. स्थानीय प्रविधिको परिचय र महत्व बताई प्रविधिको प्रयोग गर्न<br>१८. कागजका विभिन्न सामग्रीहरु बनाउन | १६. व्यवसायको परिचय दिई विभिन्न आधारहरुमा यसको वर्गीकरण गर्न<br>१७. परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध वर्णन गर्न<br>१८. कम्प्युटरको परिचय दिई प्रयोग गर्न<br>१९. माटोको विभिन्न सामग्रीहरु बनाउन |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १९. व्यक्तिगत सरसफाई गर्न<br>२०. वातावरणीय सरसफाईका उपायहरु अपनाउन<br>२१. लामखुट्टेको टोकाईबाट बच्ने उपायहरु अपनाउन<br>२२. सन्तुलित भोजनको परिचय दिन र उपभोग गर्न | २०. जङ्क फुड (तयारी खाना) को प्रयोगले स्वास्थ्यमा पार्ने असरहरु बताई तिनको प्रयोग घटाउन<br>२१. वातावरण प्रदूषणको परिचय दिन<br>२२. विषालु जीवहरुको टोकाइबाट बच्ने उपायहरु अपनाउन<br>२३. सर्ने र नसर्ने रोगहरु बारे जानकारी दिन<br>२४. इको गार्डेनको निमार्ण गर्न |
| ७. विपद तथा जोखिम व्यवस्थापन | २३. प्राकृतिक प्रकोपको परिचय दिई क्षति न्यूनीकरणका उपायहरु वर्णन गर्न<br>२४. आगलागी र डुबानबाट हुने दुर्घटना पूर्वका सावधानीहरु अपाउन<br>२५. चट्याङको परिचय दिई त्यसबाट बच्ने सावधानीहरु अपनाउन | २५. पानीमा डुब्ने घटनाबारे जानकारी लिई बच्ने उपायहरु अपनाउन<br>२६. लु लाग्ने अवस्थाको परिचय दिन र त्यसका असरहरुबाट जोगिन<br>२७. शीत लहरका असरहरुबारे जानकारी दिन र त्यसबाट सुरक्षित रहन |
| ८. हाम्रो कृषि | २६. कृषिको महत्व र योगदान बताउन<br>२७. नगर क्षेत्रमा उत्पादन हुने कृषि उपजहरुको परिचय दिई तिनको वर्गीकरण गर्न<br>२८. करेसाबारी /फूलबारी निर्माण गर्न<br>२९. पशुपंक्षीबाट प्राप्त गर्न सकिने वस्तुहरुबारे जानकारी लिइ पशुपन्छीपालनको महत्व वर्णन गर्न । | २८. नगरपालिकामा उत्पादन हुने कृषि उपज र आवश्यकताको अवस्था बताउन<br>२९. नगरपालिकाको आर्थिक विकासमा कृषिको योगदान वर्णन गर्न<br>३०. माटोको उर्वराशक्ति संरक्षणका तरिकाहरु बताउन<br>३१. फूलबारी निर्माण गर्न<br>३२. पशुपंक्षीको वासस्थान, आहार र सामान्य रोगहरुबारे जानकारी लिन । |

## ८. हाम्रो शुक्लाफाँटा विषयको क्षेत्र र क्रम (कक्षा ४ र ५)

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो नगरपालिका | • शुक्लाफाँटा नगरपालिकाको भौगोलिक बनोट (क्षेत्रफल र धरातलीय स्वरुप)<br>• वडा समितिको परिचय र गठन<br>• वडा कार्यालयको परिचय<br>• वडाको स्वास्थ्य सेवाको अवस्था<br>• वडाको शैक्षिक अवस्था | • शुक्लाफाँटा नगरपालिकाको ऐतिहासिक परिचय<br>• वडा कार्यालयबाट सम्पादन हुने कार्यहरु<br>• शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रवाह हुने सेवाहरु<br>• शुक्लाफाँटा नगरपालिकको शैक्षिक अवस्था |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्यमान्यताहरु | • नगरक्षेत्रमा बोलिने भाषाहरु<br>• मातृभाषामा गीत/कविता रचना र गायन (नेपाली भाषा, चौधरी भाषा, डोटेली भाषा, राना भाषा)<br>• नगर क्षेत्रभित्र मनाइने प्रमुख चाँडपर्व र तिथिमिति<br>• स्थानीय बाजाहरु, पहिरन र गरगहना | • होली पर्व<br>• समुदायमा बोलिने भाषाहरु (चौधरी भाषा, राना भाषा)<br>• थारु समूदायका प्रमुख प्रथाहरु<br>• घरपरिवार र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता |
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | • प्राकृतिक स्रोतको परिचय र महत्व<br>• प्राकृतिक स्रोतको वर्गीकरण (जैविक र अजैविक)<br>• जडीबुटीको परिचय र प्रयोग (अमला, हर्रो, बर्रो)<br>• वनजङ्गलको महत्व र संरक्षण | • प्राकृतिक स्रोतको उपयोग र संरक्षण<br>• प्राकृतिक स्रोतको वर्गीकरण (नवीकरणीय र अनवीकरणीय)<br>• जडीबुटीको परिचय र प्रयोग (अदुवा, बेसार, घ्यूकुमारी)<br>• संरक्षित वनहरु |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | • पर्यटनको परिचय र महत्व<br>• आन्तरिक र वाह्य पर्यटक<br>• शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका पर्यटकीय स्थलहरु (कृष्णसार संरक्षण क्षेत्र, रानीताल)<br>• नगर क्षेत्रभित्रका धार्मिक पर्यटकीय स्थलहरु | • नगरपालिकामा रहेका पर्यटकीय स्थलहरु (मणिका ताल, सिद्धबैजनाथ ताल, थारु सङ्ग्रालय) |

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | • पेसाको परिचय र महत्व<br>• परम्परागत पेसाहरु (कृषि/गैह्र कृषिमा आधारित)<br>• स्थानीय प्रविधिको परिचय र महत्व<br>• स्थानीय स्तरमा प्रयोगमा आएका प्रविधिहरु (आफर, ढिकी, जातो, चुक पेल्ने कोल)<br>• कागजबाट विभिन्न सामग्री निर्माण | • व्यवसायको परिचय र महत्व<br>• परम्परागत व्यवसायहरु (कृषि/गैह्र कृषिमा आधारित)<br>• व्यवसायको किसिम (साना, मझौला र ठूला)<br>• परम्परागत र आधुनिक प्रविधि बिचको अन्तरसम्बन्ध<br>• कम्प्युटरको परिचय र प्रयोग<br>• माटोबाट विभिन्न सामग्री निर्माण |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | • व्यक्तिगत सरसफाई<br>• वातावरणीय सरसफाई<br>• लामखुट्टेको टोकाईबाट बच्ने उपायहरु<br>• सन्तुलित भोजन र स्वास्थकर खाना | • जङ्क फुड (तयारी खाना) र तिनको प्रयोगले स्वास्थ्यमा पार्ने असर<br>• विभिन्न प्रकारका वातावरण प्रदूषणहरु<br>• विषालु जीवहरुबाट बच्ने उपायहरु (सर्प, बिच्छी, अरिङ्गाल)<br>• सर्ने र नसर्ने रोगहरु<br>• इको गार्डेनको निर्माण |
| ७. विपत तथा जोखिम व्यवस्थापन | • प्राकृतिक प्रकोपको परिचय<br>• प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका उपायहरु (आगलागी, डुबान, चट्याङ) | • विभिन्न दुर्घटनाहरु (पानीमा डुब्नु, लु लाग्नु, शीत लहर) |
| ८. हाम्रो कृषि | • कृषिको महत्व र योगदान<br>• नगर क्षेत्रमा उत्पादन हुने कृषि उपजहरु<br>• करेसाबारी/फूलबारी निर्माण<br>• पशुपंक्षीबाट प्राप्त हुने वस्तुहरु र तिनको उपयोग<br>• पशुपन्छी पालनको महत्व र योगदान | • नगरपालिकामा उत्पादन हुने कृषि उपज र आवश्यकताको अवस्था<br>• नगरपालिकाको आर्थिक विकासमा कृषिको योगदान<br>• माटोको उर्वराशक्ति संरक्षण<br>• फूलबारी निर्माण<br>• पशुपन्छी पालन सम्बन्धी सामान्य जानकारी |

## ९. विषय विस्तृतीकरण

# कक्षा -४

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. शुक्लाफाँटा नगरपालिकाको भौगोलिक बनोटको परिचय दिन | ● शुक्लाफाँटा नगरपालिकाको भौगोलिक बनोट (क्षेत्रफल र धरातलीय स्वरुप) | ➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी यसको क्षेत्रफल र भौगोलिक बनोटको बारेमा छलफल गर्ने<br>➢ शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र विभिन्न धरातलीय स्वरुपको अवलोकन गराई नगरपालिकाको धरातलीय बनोटको प्रतिवेदन पेश गर्न लगाउने | नक्सा, गुगल नक्सा, भिडियो, डकुमेन्ट्र आदि | ▪ शुक्लाफाँटा नगरपालिकाको क्षेत्रफल कति छ ?<br>▪ शुक्लाफाँटा नगरपालिकाको धरातलीय स्वरुपको अवलोकन गरी प्रतिवेदन तयार पार ।<br>▪ नगरपालिकाको विभिन्न धरातलीय स्वरुपको क्षेत्रफल कति कति छ ? | १८ |
| | २. वडा समितिको परिचय दिन | ● वडा समितिको परिचय र गठन<br>● वडा कार्यालयको परिचय<br>● वडा कार्यालयबाट प्रवाह हुने सेवाहरु | ➢ वडा समिति संरचनाको परिचय दिई गठन प्रक्रिया बारे छलफल गर्ने<br>➢ वडा कार्यालको भ्रमण गराई सो कार्यालयको परिचय दिने<br>➢ वडा कार्यालयमा रहेको नागरिक वडापत्रको अध्ययन गरी कार्यालयबाट प्राप्त हुने सेवाहरुको सूचि तयार पार्ने | चार्ट, भिडियो | ▪ वडा समितिमा कति जना सदस्यहरु हुन्छन् ?<br>▪ वडाकार्यालबाट प्राप्त हुने सेवाहरु के के हुन् ?<br>▪ आफ्नो वडा समितिका सदस्यहरुको नाम भन्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. वडाको स्वास्थ्य सेवाहरु बताउन | ● आधारभूत स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी<br>● वडामा रहेका अन्य स्वास्थ्य सेवा केन्द्रहरु | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा वडामा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकीको बारेमा छलफल गर्ने<br>➢ नजिकको सेवा केन्द्रको भ्रमण गराई उक्त केन्द्रबाट प्राप्त हुने सेवाहरुको सूचि टिपोट गर्न लगाउने र आवश्यकता अनुसार थप सहजीकरण गर्ने<br>➢ वडामा रहेका अन्य स्वास्थ्यसेवा केन्द्रहरुको सूची प्रदर्शन गरी तिनले पुर्‍याएको योगदान बारे छलफल गर्ने । | चार्ट, भिडियो, पोष्टर, पम्पलेट | ▪ वडामा रहेको स्वास्थ्य चौकीको नाम के हो र त्यो कुन स्थानमा रहेको छ ?<br>▪ आधारभूत स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकीबाट प्राप्त हुने सेवाहरुको सूचि बनाउनुहोस् । | |
| | ४. वडाको शैक्षिक अवस्था वर्णन गर्न | ● वडाको शैक्षिक अवस्था<br>क) वडाका शिक्षण संस्थाहरु<br>ख) वडाको साक्षर / निरक्षर जनसंख्या | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा वडामा रहेका शैक्षिक-संस्थाहरुको नाम भन्न लगाउने<br>➢ वडामा रहेका शैक्षिक संस्थाहरुको सूची प्रदर्शन गरी त्यससँग सम्बन्धित विभिन्न कुराहरु छलफल गर्ने | चार्ट, स्लाइड | ▪ वडामा रहेका शैक्षिक-संस्थाहरुको सूची बनाउनुहोस् ।<br>▪ वडाको साक्षर र निरक्षर जनसंख्याको प्रतिशत निकाल्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ वडाको जनसंख्याको चार्ट/स्लाइड प्रदर्शन गरी साक्षर र निरक्षर जनसंख्या बारे छलफल गर्ने | | | |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | १. नगर क्षेत्रमा बोलिने भाषाहरु पहिचान गर्न | • मातृभाषाको परिचय<br>• नगरक्षेत्रमा बोलिने भाषाहरु | ➢ कक्षामा विभिन्न भाषा भाषिका विद्यार्थीहरुलाई कुनै वाक्य आ-आफ्नो भाषामा बोल्न लगाउने<br>➢ उक्त क्रियाकलापबाट मातृभाषाको परिचय दिने<br>➢ नगरक्षेत्रमा बोलिने विभिन्न भाषाहरुको सूची प्रदर्शन गर्ने र ती भाषामा तयार पारिएका विभिन्न अडियोहरु सुन्न लगाउने | चार्ट, स्लाइड, अडियो | ▪ नगरक्षेत्रमा बोलिने भाषाहरुको सूची बनाउनुहोस् ।<br>▪ आफ्नो समुदायमा बोलिने विभिन्न भाषाहरुको सूची बनाउन लगाउने । ती भाषाहरुमा कुनै अनुच्छेद कसरी बोलिन्छ ? कक्षामा प्रस्तुत गर्न लगाउने । | १८ |
| | २. मातृभाषाका कविता र गीत लय मिलाएर गाउन | • चौधरी समूदायको गीत र कविता<br>• पहाडी समूदायको गीत र कविता<br>• राना समूदायको गीत र कविता | ➢ कक्षामा विभिन्न भाषा भाषिका विद्यार्थीहरुलाई आ-आफ्नो भाषामा गीत, कविता रचना गर्न लगाउने<br>➢ उक्त गीत, कवितालाई कक्षामा वाचन गर्न लगाउने र कक्षाका सबै विद्यार्थीलाई गाउन अभ्यास गराउने | चार्ट, स्लाइड, अडियो भिडियोहरु | ▪ आ-आफ्नो भाषामा गीत, कविता रचना गरी वाचन गर्न लगाउने<br>▪ मातृभाषावाहेक अन्य भाषामा रचना गरिएका गीत कविताहरु गाउन लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ कुनै नेपाली भाषाको कवितालाई पहाडी, चौधरी र राना भाषामा उल्था गरी गाउन अभ्यास गराउने<br>➢ पहाडी, चौधरी र थारु भाषामा रिकर्ड गरिएका गीत कविताहरु सुन्न र गाउन लगाउने | | | |
| | ३. स्थानीय चाँडपर्व, तिनको तिथिमिति र महत्व बताउन | • स्थानीय चाँडपर्व र तिथिमिति<br>• चाँडपर्वको विशेषता र महत्व | ➢ विभिन्न समुदायका विद्यार्थीहरुलाई आ-आफ्नो समुदायमा मनाइने चाँडपर्वहरु र तिनको तिथिमितिको सूची बनाउन लगाउने<br>➢ आ-आफ्नो समुदायमा मनाइने ती चाँडपर्वको विशेषता, मनाउने तरिका र महत्व छलफल गर्ने | चार्ट, स्लाइड, भिडियो, डकुमेन्ट्री | ▪ आ-आफ्नो समुदायमा मनाइने चाँडपर्वहरु र तिनको तिथिमितिको सूची बनाउन लगाउने<br>▪ विभिन्न चाँडपर्वहरुको तिथिमिति, मनाउने तरिका र महत्व सोध्ने | |
| | ४. स्थानीय बाजा, पहिरन र गरगहनाको परिचय दिन | • स्थानीय बाजाहरु<br>• स्थानीय पहिरन<br>• स्थानीय गरगहना | ➢ नगरपालिकाक्षेत्रभित्र विभिन्न समुदायमा बजाइने बाजाहरु, पहिरन र गरगहनाहरु प्रदर्शन गरी तिनको परिचय दिने<br>➢ स्थानीय बाजाहरु प्रयोग भएका भिडियोहरु प्रदर्शन गर्ने | स्थानीय बाजाहरु, गरगहना र पहिरन, स्थानीय बाजा, पहिरन | ▪ स्थानीय बाजाहरु, गरगहना र पहिरनको नाम सोध्ने<br>▪ स्थानीय बाजाहरु, गरगहना र पहिरन कुन कुन अवसरमा प्रयोग गरिन्छ भनी मौखिक प्रश्नहरु सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ कक्षाको कुनै विद्यार्थीलाई बाजा बजाउन आउँछ भने सो बाजा बजाउन लगाउने<br>➢ कक्षाका विद्यार्थीहरुलाई स्थानीय पहिरन र गरगहना लगाइ अभिनय गर्न लगाउने | र गरगहना प्रयोग भएका भिडियोहरु | | |
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १. प्राकृतिक स्रोत तथा सम्पदाको परिचय दिई तिनको महत्व वर्णन गर्न | • प्राकृतिक स्रोतको परिचय<br>• प्राकृतिक स्रोतको महत्व | ➢ दैनिक जीवनयापनका लागि मानिस कुन कुन कुरामा कसरी निर्भर रहेको छ; भन्ने कुरा छलफल गर्ने<br>➢ हामीले प्रयोग गर्ने वस्तुहरु कहाँबाट प्राप्त हुन्छ भनी छलफल गर्ने र प्राकृतिक श्रोतको बारेमा सहजीकरण गर्ने<br>➢ प्राकृतिक श्रोतको महत्व वर्णन गर्न लगाउने | चार्ट<br>भिडियो<br>चित्र | ▪ प्राकृतिक श्रोतको उदाहरण भन्न लगाउने<br>▪ कक्षा छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने | १४ |
| | २. प्राकृतिक स्रोतको वर्गीकरण गर्न | • प्राकृतिक स्रोतको वर्गीकरण (जैविक र अजैविक) | ➢ हामीले प्रयोग गर्ने प्राकृतिक श्रोतहरुको सूची बनाउन लगाउने<br>➢ उक्त श्रोतहरुमध्ये सजीव वस्तुबाट प्राप्तहुने (जैविक) र निर्जीव वस्तुबाट प्राप्तहुने | चार्ट<br>भिडियो<br>चित्र, स्लाइड | ▪ जैविक र अजैविक श्रोत भनेको के हो ?<br>▪ जैविक र अजैविक श्रोतको उदाहरण दिनुहोस् ।<br>▪ हामीले प्रयोग गर्ने पाँच | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | (अजैविक) श्रोतहरु छुट्याउन लगाउने । | | ओटा जैविक र पाँच ओटा अजैविक श्रोतको नाम लेख्न लगाउने । | |
| | ३. जडीबुटीको परिचय र प्रयोग (अमला, हर्रो, बर्रो) | ● अमलाको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● हर्रोको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● बर्रोको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● त्रिफलाचूर्ण निर्माण र प्रयोग | ➢ विद्यार्थीका समूहहरु बनाई अमला, हर्रो र बर्रोका नमुनाहरु सङ्कलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>➢ स्थानीयस्तरमा उपलब्ध जडीबुटी सम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगिता सम्बन्धी जानकारी लिन प्रेरित गर्ने,<br>➢ उक्त जडीबुटीहरुको उपयोगिता बारे थप सहजीकरण गरी औषधिको रुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>➢ त्रिफलाचूर्ण प्रदर्शन गरी यसको उपयोगिता प्रकाश पार्ने, साथै यसको निर्माण विधि सहजीकरण गर्ने । | अमला, हर्रो र बर्रोका नमुनाहरु, उक्त जडीबुटीबाट बनेका आयुर्वेदिक औषधिहरु, उपयोगिता लेखिएका चार्टहरु | ▪ अमला, हर्रो र बर्रोको महत्व वर्णन गर्न लगाउने ।<br>▪ औषधिको रुपमा जडीबुटी प्रयोगको अवस्था अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ४. वनजङ्गलको महत्व बताई संरक्षणमा सहभागी हुन | ● वनजङ्गलको महत्व<br>● वनजङ्गलको संरक्षण | ➢ मानिस वनजङ्गलमा निर्भर भएका भिडियोहरु प्रदर्शन गरी वनजङ्गलको महत्व छलफल गर्ने<br>➢ वनजङ्गल विनाश भएका र संरक्षण गरिएका भिडियोहरु प्रदर्शन गरी विद्यार्थीहरुलाई वनजङ्गल संरक्षण गर्न उत्प्रेरित गर्ने<br>➢ वनङ्गल संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिका छलफल गर्ने | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ■ वनजङ्गलको महत्व वर्णन गर्न लगाउने ।<br>■ आफ्नो वरपर रहेको जङ्गलको अवस्था अवलोकन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>■ वनजङ्गल संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिका बारे बक्तृत्व सञ्चालन गर्ने र निबन्ध लेख्न लगाउने | |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १. पर्यटनको परिचय दिई महत्व बताउन | ● पर्यटन, पर्यटक<br>● आन्तरिक र वाह्य पर्यटक<br>● पर्यटनको महत्व | ➢ पर्यटन सम्बन्धी भिडियो/डकुमेन्ट्री प्रदर्शन गरी पर्यटन र पर्यटकको परिचय दिने<br>➢ आन्तरिक र वाह्य पर्यटक सम्बन्धी छलफल गर्ने<br>➢ पर्यटनको महत्व छलफल गर्ने | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ■ पर्यटन, पर्यटक, आन्तरिक पर्यटक, वाह्य पर्यटक सम्बन्धी मौखिक प्रश्नहरु सोध्ने<br>■ पर्यटनको महत्व वर्णन गर्न लगाउने | १४ |
| | २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका पर्यटकीयस्थलहरु पहिचान गर्न | ● कृष्णसार संरक्षणक्षेत्र<br>● रानीताल | ➢ शुक्लाफाँटाभित्र रहेको कृष्णसार संरक्षणक्षेत्र र रानीतालको अध्ययन-अवलोकन गर्न लगाउने/भिडियो प्रदर्शन गर्ने | भिडियो, डकुमेन्ट्री, स्लाइड | ■ कृष्णसार संरक्षण क्षेत्रको विशेषताहरु लेख्नुहोस्<br>■ रानीतालको अवस्थिति, क्षेत्रफल र त्यसको वर्तमान | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ उक्त स्थलहरुको विषेशताहरुको प्रतिवेदन प्रस्तुत गर्न लगाउने | | अवस्था सम्बन्धी मौखिक प्रश्नहरु सोध्ने । | |
| | ३. नगरक्षेत्रभित्र रहेका धार्मिक पर्यटकीय स्थलहरुको सूची बनाउन | ● वडामा रहेका धार्मिक स्थल (मन्दिर, चर्च आदि)<br>● नगर क्षेत्रभित्रका धार्मिक पर्यटकीय स्थलहरु | ➢ विद्यार्थीहरुलाई पूर्वअनुभवको आधारमा आफ्नो वडामा रहेका धार्मिक स्थलहरुको सूची बनाउन लगाउने र थप सहजीकरण गर्ने<br>➢ पर्यटकीय स्थलको रुपमा रहेका र पर्यटनको सम्भावना रहेका नगर क्षेत्रभित्रका धार्मिक स्थलहरुको भिडियो प्रदर्शन गरी तिनको सूची निर्माण गर्न लगाउने | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ धार्मिक पर्यटकीय स्थलको बारेमा विभिन्न मौखिक प्रश्नहरु सोध्ने<br>▪ नगर क्षेत्रभित्रका धार्मिक पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । | |
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १. पेसाको परिचय दिई परम्परागत पेसाको सूचि बनाउन | ● पेसाको परिचय र महत्व<br>● परम्परागत पेसाहरु (कृषि/गैह्र कृषि)<br>● पेसाको वर्गीकरण | ➢ समुदायका व्यक्तिहरुले गर्ने विभिन्न कामका बारेमा छलफल गरी पेसाको परिचय दिने र त्यसको महत्व बताउने<br>➢ समुदायका व्यक्तिहरुले अपनाएका विभिन्न पेसाहरुको सूची बनाइ कृषिमा आधारित र गैह्र कृषिमा आधारित पेसाहरु छुट्याउन लगाउने | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ पेसाको परिचय र महत्वसँग सम्बन्धित विभिन्न मौखिक प्रश्नहरु सोध्ने<br>▪ कृषिमा आधारित र गैह्र कृषिमा आधारित पेसाहरुको सूची निर्माण गर्न लगाउने । | १६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २. स्थानीय प्रविधिको परिचय र महत्व बताई प्रविधिको प्रयोग गर्न | ● स्थानीय प्रविधिको परिचय र महत्व<br>● स्थानीय स्तरमा प्रयोगमा आएका प्रविधिहरु (आफर, ढिकी, जातो, चुक पेल्ने कोल) | ➢ विभिन्न कामहरु गर्न सजिलोका लागि मानिसहरुले अपनाएका तरिकाहरु सम्बन्धी भिडियो, डमुमेन्ट्री प्रदर्शन गरी प्रविधिको परिचय दिने<br>➢ आ-आफ्नो समुदायमा अपनाइएका प्रविधिहरुको सूची बनाउन लगाउने<br>➢ आफर, ढिकी, जातो, चुक पेल्ने कोलको कार्य प्रविधि छलफल गर्ने | भिडियो, डकुमेन्ट्री, स्लाइड, आफर, ढिकी, जातो, चुक पेल्ने कोल | ▪ स्थानीय प्रविधि भनेको के हो ?<br>▪ समुदायमा प्रयोगमा आएका विभिन्न प्रविधिहरुको सूची बनाउनुहोस् ।<br>▪ आफर, ढिकी, जातो, चुक पेल्ने कोलको कार्य प्रविधि वर्णन गर्न लगाउने । | |
| | ३. कागजका विभिन्न सामग्रीहरु बनाउन | ● कागजको काम गर्दा आवश्यक औजारहरु र ध्यान दिनुपर्ने कुराहरु<br>● कागजको सामग्री निर्माण (पेपर र्‍यापिङ, खाम) | ➢ कागजबाट निर्माण गरिएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी त्यस्ता सामग्रीहरु निर्माण गर्न प्रेरित गर्ने,<br>➢ सामग्रीहरु निर्माण गर्न आवश्यक पर्ने औजारहरु प्रदर्शन गरी तिनको प्रयोग प्रष्ट पार्ने,<br>➢ विभिन्न आकारका वस्तुहरुलाई पेपर र्‍यापिङ्ग गर्न लगाउने<br>➢ आ-आफ्नो पाठ्यपुस्तकमा पुरानो | र्‍यापिङ्ग पेपर, पुरानो अखवार, कार्ड सीट, कैची, स्केल, पेन्सिल | ▪ कागजको काममा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने<br>▪ विद्यार्थीहरुले निर्माण गरेका वस्तुहरुको मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | अखवार वा अन्य कुनै कागजको जिल्ला लगाउने अभ्यास गराउने<br>➢ विभिन्न नापका खामहरु निर्माण गर्न कागजमा नाप लगाउने, कटिङ्ग गर्ने र फोल्डिङ्ग गर्ने अभ्यास गराउने<br>➢ विद्यार्थीहरुले निर्माण गरेका खामहरु सजावटकासाथ राख्ने, तिनको प्रदर्शनी गर्ने र कार्यालयको पत्र व्यवहारमा प्रयोग गर्ने । | | | |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १. व्यक्तिगत सरसफाई गर्न | ● दाँतको हेरचाह<br>● आँखाको हेरचाह | ➢ सफा, मिलेको दाँत र फोहर, विग्रेको दाँत भएको पोष्टर, भिडियो प्रदर्शन गरी दाँतको हेरचाहको आवश्यकता सम्बन्धी छलफल गर्ने<br>➢ दाँतको हेरचाहका लागि अपनाउनुपर्ने व्यवहार बारे छलफल गर्ने<br>➢ आँखामा लाग्ने चोटपटक र रोगका बारेमा छलफल गरी | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ दाँत र आँखाको हेरचाह सम्बन्धी मौखिक प्रश्नहरु सोध्ने<br>▪ विद्यार्थीले आँखा र दाँतको हेरचाह सम्बन्धी गरेको व्यवहार अवलोकन गर्ने । | १६ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | त्यसले पार्ने असरहरुको छलफल गर्ने<br>➢ आँखाको हेरचाहका लागि अपनाउनु पर्ने व्यवहार बारे छलफल गर्ने | | | |
| | २. वातावरणीय सरसफाईका उपायहरु अपनाउन | • कुहिने र नकुहिने फोहरमैला व्यवस्थापन | ➢ परियोजना कार्यको रुपमा विद्यालय वातावरणको सरसफाईमा विद्यार्थीहरुलाई सरिक गराउने<br>➢ विद्यालय वातावरणको सरसफाइको क्रममा निस्कने फोहरलाई कुहिने र नकुहिने छुट्याइ उचित व्यवस्थापन गर्न लगाउने<br>➢ कुहिने फोहरमैलाबाट मल बनाइ फूलबारीमा प्रयोग गर्न लगाउने<br>➢ टोल, छरछिमेक, सार्वजनिक स्थल, विद्यालय वातावरण आदिको सरसफाईमा वालवालिकाको सहभागिता भएको भिडियोहरु प्रदर्शन गर्ने । | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ टोल, छरछिमेक र विद्यालय वातावरणको सरसफाइमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. लामखुट्टेको टोकाईबाट बच्ने उपायहरु अपनाउन | ● लामखुट्टेको टोकाईबाट बच्ने उपायहरु | ➢ विद्यार्थीहरुको पूर्वअनुभवको आधारमा लामखुट्टेको टोकाइले पार्ने असरबारे छलफल गर्ने<br>➢ लामखुट्टेको टोकाइबाट हुने रोगहरुको चार्ट, भिडियो, स्लाइड प्रदर्शन गरी लामखुट्टेको टोकाइबाट बच्न उत्प्रेरित गर्ने<br>➢ लामखुट्टेको टोकाइबाट बच्न अपनाइँदै आएका उपायहरु छलफल गर्दै टिपोट गर्ने र थप सहजीकरण गर्ने । | भिडियो, चार्ट, स्लाइड | ▪ लामखुट्टेको टोकाइबाट बच्ने उपायहरु भन्न र लेख्न लगाउने ।<br>▪ लामखुट्टेको टोकाइबाट बच्न विद्यार्थीले गरेको व्यवहारको अवलोकन गर्ने र अभिभावकसँग प्रतिक्रिया लिने । | |
| | ४. सन्तुलित भोजनको परिचय दिन र उपभोग गर्न | ● सन्तुलित भोजन<br>● स्वस्थकर खाना | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा शक्ति दिने, शरीर वृद्धि गर्ने र शरीरको रक्षा गर्ने खानाका उदाहरणहरु भन्न लगाउने<br>➢ शरीरलाई सबै किसिमको खानाको आवश्यकता पर्ने कुरा छलफल गर्ने<br>➢ शरीरलाई आवश्यक पर्ने तत्वहरुको उचित अनुपात मिलेको खानालाई नै सन्तुलित | चार्ट, स्लाइड, भिडियो | ▪ सन्तुलित भोजन र स्वस्थकर खानको बारेमा मौखिक प्रश्नहरु सोध्ने<br>▪ विद्यार्थीहरुले उपभोग गर्ने खानाको बारेमा अभिभावक प्रतिक्रिया लिने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | भोजन भनिन्छ, भनी प्रष्ट पार्ने<br>➢ घरमै बन्ने भोजनलाई सन्तुलित बनाइ उपभोग गर्न उत्प्रेरित गर्ने<br>➢ शरीरलाई हानी गर्ने खानाहरुको बारेमा छलफल गर्दै स्वस्थकर खानाको परिचय दिने । | | | |
| ७. विपद तथा जोखिम व्यवस्थापन | १. प्राकृतिक प्रकोपको परिचय दिई क्षति न्यूनीकरणका उपायहरु वर्णन गर्न | • प्राकृतिक प्रकोपको परिचय<br>• प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका उपायहरु (साधारण) | ➢ धन जनको क्षति हुनेगरी प्रकृतिमा घट्ने विभिन्न घटनाहरुको भिडियो प्रदर्शन गर्ने<br>➢ आफ्नो क्षेत्रमा घट्ने यस्ता घटनाहरु बारे छलफल गर्ने<br>➢ यस्ता घटनाहरुबाट हुने क्षति न्यूनीकरणका लागि के गर्नु पर्ला भनी छलफल गर्ने<br>➢ प्राकृतिक प्रकोपबाट बच्न अपनाउनुपर्ने सावधानीका बारेमा सञ्चार माध्यमहरुबाट जन चेतनाका लागि दिईएका सन्देशहरु सुन्न र पढ्न लगाउने | चार्ट, भिडियो, स्लाइड, अडियो | ▪ कक्षा छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने<br>▪ प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि अपनाउनुपर्ने सावधानीहरु भन्न र लेख्न लगाउने । | १४ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ यस्ता घटनाहरुबाट बच्न सावधानी अपनाएको/नअपनाएको बारे छलफल गर्ने । | | | |
| | २. आगलागी र डुबानबाट हुने दुर्घटना पूर्वका सावधानीहरु अपाउन | ● आगलागी<br>● डुबान | ➢ आगलागी र डुबानका दुर्घटना सम्बन्धी विभिन्न भिडियो, स्लाइड, चार्टहरु प्रदर्शन गर्ने<br>➢ विद्यार्थीहरुले प्रत्यक्ष देखेका आगलागीका घटनाहरु वर्णन गर्न लगाउने<br>➢ आगलागीले हुने क्षतिसम्बन्धी छलफल गर्ने<br>➢ आगलागीका सम्भावित कारणहरु छलफल गर्ने<br>➢ आगलागी हुननदिन हामीले अपनाउनुपर्ने सावधानीका बारेमा भन्न लगाउने र थप सहजीकरण गर्ने<br>➢ डुबानका घट्नाले हुने क्षति सम्बन्धी छलफल गर्ने | चार्ट, भिडियो, स्लाइड, पोष्टर | ▪ आगलागी पूर्वका सावधानीहरु वर्णन गर्न लगाउने<br>▪ डुबानका घट्नाले हुने क्षति र पूर्व सावधानीका बारेमा प्रश्नहरु सोध्ने<br>▪ आगो बाल्ने वस्तुहरु चलाउने सम्बन्धी विद्यार्थीको व्यवहार अवलोकन गर्ने वा अभिभावक प्रतिक्रिया लिने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ डुबानका घट्नाबाट हुने क्षति न्यूनीकरणका लागि अपनाउनु पर्ने सावधानी वर्णन गर्न लगाउने र थप सहजीकरण गर्ने । | | | |
| | ३. चट्याङको परिचय दिई त्यसबाट बच्ने सावधानीहरु अपनाउन | • चट्याङको परिचय<br>• चट्याङबाट बच्न अपनाउनु पर्ने सावधानीहरु | ➢ विजुली चम्किने र मेघ गर्जन हुने घट्नाहरु विद्यार्थीलाई स्मरण गराउने<br>➢ उक्त घटनाहरुको भिडियो प्रदर्शन गरी चट्याङको परिचय दिने र यसका कारणहरु छलफल गर्ने<br>➢ उक्त घटनाबाट बच्न अपनाउनु पर्ने सावधानीहरुका बारेमा छलफल गरी थप सहजीकरण गर्ने । | चार्ट, भिडियो, स्लाइड | ▪ कक्षा छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने<br>▪ चट्याङबाट बच्न अपनाउनुपर्ने सावधानीका बारेमा प्रश्नहरु सोध्ने । | |
| ८. हाम्रो कृषि | १. कृषिको महत्व र योगदान बताउन | • कृषिको महत्व र योगदान | ➢ हामीले दैनिक जीवनमा प्रयोग गर्ने वस्तुहरुको श्रोत के हो भनी छलफल गर्ने<br>➢ कृषि उपजहरुबाट विभिन्न वस्तुहरु निर्माण हुने प्रकृयाको भिडियो प्रदर्शन गरी कृषिको महत्व र योगदानबारे छलफल | चार्ट, भिडियो, स्लाइड, पोष्टर, विभिन्न कृषि उपज र तिनबाट | ▪ कृषिबाट उत्पादन हुने वस्तुहरुको सूची बनाउन लगाउने<br>▪ कृषिको महत्व वर्णन गर्न लगाउने<br>▪ कृषिको योगदान बारे प्रश्नहरु सोध्ने । | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | गर्ने<br>➢ अन्य पेसा अपनाउने व्यक्तिहरुलाई कृषिले कसरी योगदान पुर्‍याएको हुन्छ भनी छलफल गर्ने । | बनेका वस्तुहरु | | |
| | २. नगर क्षेत्रमा उत्पादन हुने कृषि उपजहरुको परिचय दिई तिनको वर्गीकरण गर्न | ● नगदे बाली<br>● अन्न बाली<br>● फलफूल तथा तरकारी<br>● पशुपन्छीजन्य वस्तुहरु | ➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा नगरक्षेत्रमा उत्पादन हुने कृषि उपजहरुको सूची निर्माण गर्न लगाउने र आवश्यकता अनुसार सहजीकरण गर्ने,<br>➢ नगदेबाली, अन्नबाली, फलफूल, तरकारी, दालहन, तेलहन, पशुपन्छीजन्य वस्तुहरु आदिका बारेमा छलफल गर्ने,<br>➢ नगरक्षेत्रभित्र उत्पादन हुने वस्तुहरुलाई विभिन्न समूहमा वर्गीकरण गर्न लगाउने,<br>➢ विभिन्न समूहका कृषि उपजहरुको आवश्यकता र महत्व छलफल गर्ने । | विभिन्न कृषि उपजका नमुनाहरु, भिडियो, स्लाइड, चार्ट | ▪ कक्षा छलफलमा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने<br>▪ कृषि उपजहरुको सूची निर्माण गर्न लगाउने<br>▪ कृषि उपजहरुको वर्गीकरण गर्न लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. करेसाबारी /फूलबारी निर्माण गर्न | ● करेसाबारी/फूलबारी निर्माण<br>● तरकारी/फूल रोप्ने<br>● करेसाबारी/फूलबारी को गोडमेल र हेरचाह | ➢ विद्यार्थीहरुको समूह निमार्ण गरी क्षेत्र (जमीन) निर्धारण गर्ने ।<br>➢ समूहअनुसार उपलब्ध गराइएको जमनिमा बोट बिरुवाहरु रोप्न लगाउने ।<br>➢ आफूले रोपेको विरुवाको आवश्यकताअनुसार मल, जल र हेरविचार गर्न लगाउने ।<br>➢ विभिन्न डकुमेन्ट्री प्रदर्शन गरी करेसाबारी /फूलबारी निर्माण र संरक्षण गर्न प्रेरित गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, कृषि सम्बन्धी औजारहरु | ▪ करेसाबारी/फूलबारी निमाणमा विद्यार्थीको सहभागिता मूल्याङ्कन गर्ने<br>▪ विद्यार्थीहरुले तयार पारेको करेसाबारी/फूलबारी अवलोकन गरी तिनीहरुको कामको मूल्याङ्कन गर्ने<br>▪ करेसाबारी/फूलबारी निर्माणसँग सम्बन्धित प्रश्नहरु सोध्ने । | |
| | ४. पशुपन्छीबाट प्राप्त गर्न सकिने वस्तुहरुबारे जानकारी लिइ पशुपन्छीपालनको महत्व वर्णन गर्न | ● पशुपन्छीबाट प्राप्त हुने वस्तुहरु र तिनको उपयोग (गाई/भैसी, भेडा/बाखा, हाँस/कुखुरा, माछा)<br>● पशुपन्छीपालनको महत्व र योगदान | ➢ गाई/भैंसी, भेडा/बाखा, हाँस/कुखुरा र माछाबाट प्राप्त हुने वस्तुहरु प्रदर्शन गरी तिनको श्रोत छलफल गर्ने<br>➢ गाई/भैंसीको दूधबाट विभिन्न वस्तुहरु निकाली उपयोग गरेको भिडियो /डकुमेन्ट्री प्रदर्शन गर्ने<br>➢ भेडा/बाखाबाट ऊन निकाली त्यसबाट स्वीटर, राडी, पाखी, | गाई/भैंसी, भेडा/बाखा, हाँस/कुखुरा र माछाबाट बनेका विभिन्न वस्तुहरु, भिडियो, चार्ट, स्लाइड | ▪ गाई/भैंसीबाट कुन कुन वस्तुहरु प्राप्त गर्न सकिन्छ ?<br>▪ भेडा/बाखाबाट प्राप्त गर्न सकिने वस्तुहरुको सूची बनाउनुहोस् ।<br>▪ हाँस/कुखुराबाट कुन कुन वस्तुहरु प्राप्त गर्न सकिन्छ ?<br>▪ पशुपालनको फाइदा वर्णन गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | गलौचा आदि निर्माण गरेको भिडियोहरु प्रदर्शन गर्ने<br>➢ भेडा/बाखा र हाँस/कुखुराको मासुबाट बन्ने विभिन्न वस्तुहरुको भिडियो प्रदर्शन गर्ने<br>➢ पशुपन्छीपालनको फाइदाहरु छलफल गर्दै यसले व्यक्तिको आर्थिक विकासमा पुर्‍याएको योगदान बुँदागतरुपमा टिपोट गर्न लगाउने । | | | |

## कक्षा -५

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरपालिका | १. शुक्लाफाँटा नगरपालिकाको ऐतिहासिक परिचय दिन | ● शुक्लाफाँटा नगरपालिकाको ऐतिहासिक परिचय<br>○ प्रारम्भिक मानव वस्ती<br>○ पञ्चायतकालीन इतिहास<br>○ प्रजातन्त्रकालीन इतिहास<br>○ गणतन्त्र पछिको शुक्लाफाँटा | ➢ शुक्लाफाँटा नगरपालिकाको प्रारम्भिक मानवबस्ती, अर्जुनी पञ्चायत, झलारी गाउँ विकास समिति र पिपलाडी गाउँ विकास समिति हुँदै अहिलेसम्मको इतिहास सङ्कलन गरी विद्यार्थीलाई टिपोट गर्न लगाउने,<br>➢ विभिन्न कालखण्डमा यस नगरपालिकामा घटेका घटनाहरुको विस्तृत विवरण सहित सिकाई सहजीकरण गर्ने । | ● भिडियो,<br>● सङ्कलित घटना सम्बन्धी स्लाइड<br>● स्रोत व्यक्ति | ▪ शुक्लाफाँटा नगरपालिकाको ऐतिहासिक परिचय विभिन्न कालखण्ड अनुसार सोध्ने | १५ |
| | २. वडा कार्यालयबाट सम्पादन हुने कार्यहरुको सूची बनाउन | ● वडा कार्यालयबाट सम्पादन हुने कार्यहरु | ➢ सम्बन्धित वडा कार्यालयमा रहेको नागरिक वडापत्रको अध्ययनगर्न लगाई विवरण टिपोट गराउने र कक्षामा उक्त कार्यहरुको बारेमा छलफल गर्ने,<br>➢ वडा कार्यालयबाट प्रवाह हुने प्रमुख कार्यहरुको सूची बनाउन लगाउने, | ● चार्ट<br>● नागरिक वडापत्र<br>● वडा कार्यालयका प्रमख कार्यहरुको विवरण | ▪ वडा कार्यालयका प्रमुख कार्यहरुको सूची बनाउन लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ वडा कार्यालयबाट प्रवाह हुने विभिन्न कार्य क्षेत्रहरुकाबारेमा सहजीकरण गर्ने । | | | |
| | ३. शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रवाह हुने सेवाहरुबारे जानकारी लिन | ● शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रवाह हुने सेवाहरु | ➢ शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रवाह हुने प्रमुख कार्यको चार्ट प्रर्दशन गरी छलफल गर्ने,<br>➢ शिक्षा शाखाको कर्मचारीलाई स्रोतव्यक्तिको रुपमा विद्यालयमा बोलाई शाखाबाट प्रवाह गरिने प्रमुख कार्यहरु सहजीकरण गर्न लगाउने । | ● चार्ट<br>● अडियो<br>● स्रोतव्यक्ति | ▪ शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख कार्यहरु सोध्ने | |
| | ४. शुक्लाफाँटा नगरपालिकाको शैक्षिकअवस्था वर्णन गर्न | ● शुक्लाफाँटा नगरपालिकाको शैक्षिक अवस्था<br>○ नगरपालिकामा रहेका शिक्षण-संस्थाहरु<br>○ नगरपालिकाको साक्षरताको | ➢ शुक्लाफाँटा नगरपालिकामा रहेका विभिन्न शिक्षा प्रदायक संस्थाहरु (सामुदायिक विद्यालय, संस्थागत विद्यालय, क्याम्पस, बहुप्राविधिक शिक्षालय आदि) को तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने,<br>➢ शुक्लाफाँटा नगरपालिकाको वडागतरुपमा महिला र पुरुषको | ● चार्ट<br>● पोस्टर<br>● भिडियो | ▪ शुक्लाफाँटा नगरपालिकाभित्र सञ्चालित शिक्षा प्रदायक संस्थाहरुको विवरण सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | अवस्था | साक्षरताको अवस्था (साक्षरता प्रतिशत) चार्ट प्रर्दशन गरी छलफल गर्ने ।<br>➢ साक्षरता प्रतिशतलाई स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउने । | | | |
| २. हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरु | १. होली गाउन र अभिनय गर्न | ● होली पर्व (विभिन्न भाषा भाषिको होली गाउने र अभिनय गर्ने) | ➢ होली खेलीरहेको भिडियो प्रर्दशन गरी विद्यार्थीलाई होली गीत गाउन र तालअनुसार हिँड्न र गाउन लागउने,<br>➢ होली गीत र बाजाको तालमा गीत गाउँदै नाच्ने अभ्यास गराउने,<br>➢ होलीपर्वको महत्वका बारेमा जानकारी दिदै यसलाई संरक्षण गर्न प्रेरित गर्ने । | ● भिडियो<br>● अडियो | ▪ होली पर्वको गीत गाउन र नाच्न सके नसकेको अवलोकन गर्ने | १७ |
| | २. राना र चौधरी भाषाका दैनिक जीवनमा प्रयोग | ● समुदायमा बोलिने भाषाहरु<br>○ राना भाषा | ➢ दैनिक जीवनमा प्रयोग हुने नेपाली, राना र चौधरी भाषाका शव्दहरु टिपोट गर्दै तुलना गर्ने, | ● चार्ट<br>● अडियो | ▪ राना र चौधरी भाषा बोल्न र बुझ्नसके नसकेको अवलोकन गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | हुने शब्दहरु बोल्न र नेपाली भाषासँग तुलना गर्न | ○ चौधरी भाषा (बोलाईको अभ्यास) | ➢ राना र चौधरी भाषा भएका विद्यार्थीहरुलाई दैनिक जीवनमा प्रयोग हुने विभिन्न शव्दहरु बोल्न लगाउने र अन्य मातृभाषाका विद्यार्थीलाई सुन्न र अभ्यास गर्न लगाउने । | | | |
| | ३. थारु समुदायका प्रमुखप्रथाहरुको जानकारी लिन | • थारु समुदायका प्रमुखप्रथाहरु<br>○ भर्रा /गुरुवा<br>○ भलमन्सा/बड्घर | ➢ थारु समुदायमा रहेका विभिन्न प्रथाहरुका बारेमा सम्बन्धित समुदायका जानकार व्यक्तिहरुलाई भन्न लगाई अन्य समुदायका प्रथाहरुसँग तुलना गर्न लगाउने ।<br>➢ भर्रा /गुरुवा तथा भलमन्सा/बड्घरलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रित गरी तिनीहरुको कार्यका बारेमा विद्यार्थीलाई जानकारी गर्न लगाउने । | • भिडियो<br>• स्रोतव्यक्ति | ▪ भर्रा /गुरुवाका समाजमा गर्ने कार्यहरुका बारेमा सोध्ने<br>▪ भलमन्सा/बड्घरले गर्ने कार्यहरुका बारेमा सोध्ने | |
| | ४. घरपरिवार र विद्यालयमा पालना गर्नुपर्ने आचार संहिता निमार्ण र पालना गर्न | • घरपरिवारमा पालना गर्नुपर्ने आचारसंहिता<br>• विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता | ➢ घर र विद्यालयले तयार पारेको आचारसंहिताका बारेमा जानकारी दिई ती आचारसंहिताहरु पालना गर्न उत्प्रेरित गर्ने | • चार्ट<br>• भिडियो | ▪ घर वा विद्यालयमा प्रयोग गरिने आचारसंहिता पालना गरेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक स्रोत र सम्पदाहरु | १. प्राकृतिक स्रोत तथा सम्पदाको उपयोग वर्णन गरी तिनको संरक्षणका उपायहरु बताउन | • प्राकृतिक स्रोतको उपयोग<br>• प्राकृतिक श्रोत संरक्षणका उपायहरु | ➢ प्राकृतिक स्रोतको परिचय र वर्गीकरणका बारेमा छलफल गर्ने<br>➢ स्थानीय क्षेत्रमा पाइने प्राकृतिक सम्पदाहरुको सही उपयोग गर्न लगाउने ।<br>➢ प्राकृतिक सम्पदाको संरक्षण गर्ने विभिन्न निकायहरु तथा व्यक्तिको भूमिकाबारे छलफल गर्ने । | चार्ट, भिडियो डकुमेन्ट्री, | ▪ प्राकृतिक स्रोतको परिचय दिन लगाउने<br>▪ प्राकृतिक स्रोतको उचित प्रयोग गर्ने तरिकाहरु सोध्ने<br>▪ प्राकृतिक स्रोतसम्पदाहको संरक्षण गर्ने उपायहरु सोध्ने | १५ |
| | २. प्राकृतिक स्रोतको वर्गीकरण गर्न | • प्राकृतिक स्रोतको वर्गीकरण<br>○ नवीकरणीय श्रोत<br>○ अनवीकरणीय श्रोत | ➢ प्राकृतिक स्रोतको परिचय र वर्गीकरणका बारेमा छलफल गर्ने,<br>➢ नवीकरणीय र अनवीकरणीय स्रोतहरुको चार्ट प्रर्दशन गरी सहजीकरण गर्ने<br>➢ विभिन्न प्राकृतिक स्रोत सम्पदाहरुको नामावली देखाई नवीकरणीय र अनवीकरणीय वस्तुलाई छुट्याउन लगाउने | • चार्ट<br>• भिडियो | ▪ स्थानीयक्षेत्रमा रहेका विभिन्न प्राकृतिक स्रोतको वर्गीकरण सोध्ने<br>▪ नवीकरणीय र अनवीकरणीय स्रोतको चार्ट तयार गर्न लगाउने | |
| | ३. जडीबुटीको परिचय दिई औषधिको रुपमा तिनको प्रयोग गर्न | • अदुवाको परिचय र औषधिको रुपमा यसको प्रयोग | ➢ स्थानीय जडीबुटी सम्बन्धी जानकारी भएको विद्यार्थीहरुलाई सोधी अदुवा, बेसार र | जडीबुटीको नाम लेखिएका | ▪ अदुवा, बेसार र घ्यूकुमारीको पहिचान र यसको प्रयोग गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | ● बेसारको परिचय र औषधिको रुपमा यसको प्रयोग<br>● घ्यूकुमारीको परिचय र औषधिको रुपमा यसको प्रयोग | घ्यूकुमारीको प्रयोग के के रोगका लागि गर्न सकिन्छ भनि छलफल गर्ने,<br>➢ विद्यार्थीका समूहहरु बनाई अदुवा, बेसार र घ्यूकुमारीका नमुनाहरु संकलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>➢ स्थानीयस्तरमा उपलब्ध जडीबुटीसम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगितासम्बन्धी जानकारी लिन प्रेरित गर्ने,<br>➢ उक्त जडीबुटीहरुको उपयोगिताबारे थप सहजीकरण गरी औषधिकोरुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने । | चार्टहरु, जडीबुटीको उपयोगिता लेखिएको चार्ट, स्रोतव्यक्ति (स्थानीय बैध वा आयुर्वेदिक चिकित्सक ) | | |
| | ४. संरक्षणको आधारमा वनको किसिम बताउन | ● संरक्षित वनहरु<br>○ राष्ट्रिय बन<br>○ सामुदायिक बन<br>○ धार्मिक बन | ➢ वनजङ्गलको परिचय दिदै आफ्नो नजिक रहेका विभिन्न वनहरुको नाम सोधि त्यसको वर्गीकरण गर्न लगाउने, | ▪ चार्ट<br>▪ भिडियो | ▪ वनजंगलका प्रकारहरु सोध्ने<br>▪ तपाईको स्थानीय तहमा रहेका वनका प्रकार सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | ○ निजी वन | ○ विभिन्न वनका प्रकारहरु उल्लेख गरी राष्ट्रिय बन, सामुदायिक बन, धार्मिक बन र निजी वनका बारेमा छलफल गराउने,<br>○ नेपालमा वर्गीकरण गरिएका विभिन्न वनहरुवीचको भिन्नता छलफल गर्ने । | | | |
| ४. हाम्रा पर्यटकीय स्थलहरु | १. मणिका तालको विशेषता वर्णन गरी यसको पर्यटन विकासका लागि आवश्यक कार्यहरुको खोजी गर्न | ● मणिका ताल<br>○ परिचय (अवस्थिति, क्षेत्रफल)<br>○ विशेषताहरु (भौगोलिक, धार्मिक /सांस्कृतिक)<br>○ पर्यटन विकास (भ्रमण सुविधा, वर्तमान अवस्था, संरक्षणका उपायहरु) | ➢ नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने,<br>➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी मणिका तालको अवस्थिति र भौगोलिक विशेषता छलफल गर्ने,<br>➢ मणिका तालको स्थलगत अवलोकन भ्रमण गराई तिनको वर्तमान अवस्था, भ्रमण सुविधा, संरक्षणका प्रयासहरु, पर्यटन विकासका लागि गर्नुपर्ने आवश्यक कार्यहरुसहित प्रतिवेदन तयार गर्न लगाउने । | शुक्लाफाँटा नगरपालिकाको नक्सा भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ शुक्लाफाँटा नगरपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलहरुको सूची तयार गर्न लगाउने,<br>▪ मणिका तालको अवस्थिति र भौगोलिक विशेषता वर्णन गर्न लगाउने,<br>▪ मणिका तालको गन्तव्य, त्यसको वर्तमान अवस्था र संरक्षणका उपाय सम्बन्धी प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने । | १५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | ➢ मणिका तालको भिडियो डकुमेन्टी कक्षाकोठामा प्रदर्शन गर्दै उक्त स्थानको बारेमा विद्यार्थीलाई टिपोट गराउने | | | |
| | २. सिद्धबैजनाथ तालको विशेषता वर्णन गरी यसको पर्यटन विकासका लागि आवश्यक कार्यहरुको खोजी गर्न | ● सिद्ध बैजनाथ ताल<br>○ परिचय (अवस्थिति, क्षेत्रफल)<br>○ विशेषताहरु (भौगोलिक, धार्मिक /सांस्कृतिक)<br>○ पर्यटन विकास (भ्रमण सुविधा, वर्तमान अवस्था, संरक्षणका उपायहरु) | ➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी सिद्धबैजनाथ तालको अवस्थिति र भौगोलिक विशेषता छलफल गर्ने,<br>➢ सिद्धबैजनाथ तालको स्थलगत अवलोकन भ्रमण गराई तिनीहरुको वर्तमान अवस्था, भ्रमण सुविधा, संरक्षणका प्रयासहरु, पर्यटन र आर्थिक विकासका लागि गर्नुपर्ने आवश्यक कार्यहरु सहित प्रतिवेदन तयार गर्न लगाउने।<br>➢ सिद्धबैनाथ तालको भिडियो डकुमेन्टी कक्षाकोठामा प्रदर्शन गर्दै उक्त स्थानको बारेमा विद्यार्थीलाई टिपोट गराउने | शुक्लाफाँटा नगरपालिकाको नक्सा भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ सिद्धबैजनाथ तालको अवस्थिति र भौगोलिक विशेषता वर्णन गर्न लगाउने,<br>▪ सिद्धबैजनाथ ताल गन्तव्य, त्यसको वर्तमान अवस्था र संरक्षणका उपाय सम्बन्धी प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. थारु सङ्ग्रहालयको महत्व बताउन र पर्यटनका लागि प्रचार प्रसार गर्न | ● थारु सङ्ग्रहालय<br>○ परिचय<br>○ महत्व (सामाजिक र साँस्कृतिक)<br>○ पर्यटन विकास (भ्रमण सुविधा, वर्तमान अवस्था, विकासका प्रयासहरु) | ➢ शुक्लाफाँटा नगरपालिकाको नक्सा प्रदर्शन गरी शु.न.पा. वडा नं. ८ भम्का स्थित थारु सङ्ग्रहालयको अवस्थिति बारे जानकारी दिने,<br>➢ थारु सङ्ग्रहालयको भिडियो डकुमेन्ट्री कक्षाकोठामा प्रदर्शन गर्दै सँग्रालयभित्र रहेका वस्तुहरुको बारेमा जानकारी गराउने,<br>➢ थारु सङ्ग्रहालयको स्थलगत अवलोकन भ्रमण गराई तिनीहरुको वर्तमान अवस्था, भ्रमण सुविधा, संरक्षणका प्रयासहरु, पर्यटन विकास र थारु समुदायको सामाजिक तथा साँस्कृतिक पक्षको विकास र विस्तारका लागि गर्नुपर्ने आवश्यक कार्यहरु सहित प्रतिवेदन तयार गर्न लगाउने । | शुक्लाफाँटा नगरपालिकाको नक्सा, भिडियोहरु, डकुमेन्ट्री, सडक सञ्जालको नक्सा, | ▪ थारु सङ्ग्रहालयको अवस्थिति र त्यसमा सँग्रहित वस्तुहरुको वर्णन गर्न लगाउने,<br>▪ थारु सङ्ग्रहालयको सामाजिक र सांस्कृतिक महत्व वर्णन गर्न लगाउने,<br>▪ थारु सङ्ग्रहालयको गन्तव्य, त्यसको वर्तमान अवस्था र विकासका प्रयासहरु सम्बन्धी प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५. हाम्रो पेशा, व्यवसाय र प्रविधि | १. व्यवसायको परिचय दिई विभिन्न आधारमा यसको वर्गीकरण गर्न | • व्यवसायको परिचय र महत्व<br>• परम्परागत व्यवसाय (कृषि/गैह्र कृषिमा आधारित)<br>• व्यवसायको वर्गीकरण (साना, मझौला र ठूला व्यवसाय) | ➢ समुदायका व्यक्तिहरुले गर्ने विभिन्न कामका बारेमा छलफल गरी व्यवसायको परिचय दिने र त्यसको महत्व बताउने<br>➢ समुदायका व्यक्तिहरुले अपनाएका विभिन्न व्यवसायहरुको सूची बनाइ कृषिमा आधारित र गैह्र कृषिमा आधारित पेसाहरु छुट्याउन लगाउने<br>➢ विद्यार्थीहरुले देखे सुनेका विभिन्न व्यवसायहरुको सूची बनाइ पूँजीको आधारमा तिनलाई साना, मझौला र ठूला व्यवसायमा वर्गीकरण गर्न लगाउने । | भिडियो, चार्ट, डकुमेन्ट्री, स्लाइड | ▪ व्यवसायको परिचय र महत्वसँग सम्बन्धित विभिन्न मौखिक प्रश्नहरु सोध्ने<br>▪ कृषिमा आधारित र गैह्र कृषिमा आधारित व्यवसायहरुको सूची निर्माण गर्न लगाउने<br>▪ साना, मझौला र ठूला व्यवसायसँग सम्बन्धित प्रश्नहरु सोध्ने । | १९ |
| | २. परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध वर्णन गर्न | • स्थानीय परम्परागत प्रविधिहरु जस्तै मोही पार्ने, अन्न पिस्ने, धान कुट्ने, मसला पिस्ने आदि | ➢ विभिन्न कामहरु गर्न सजिलोका लागि मानिसहरुले अपनाएका तरिकाहरुसम्बन्धी भिडियो, डमुमेन्ट्री प्रदर्शन गरी परम्परागत प्रविधिको परिचय दिने, | भिडियो, डकुमेन्ट्री, स्लाइड | ▪ समुदायमा प्रयोगमा आएका विभिन्न परम्परागत प्रविधिहरुको सूची बनाउन लगाउने,<br>▪ परम्परागत प्रविधिको सट्टा | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | ● प्रचलनमा ल्याइएका आधुनिक प्रविधिहरु जस्तै मोही पार्ने, अन्न पिस्ने, धान कुट्ने, मसला पिस्ने आदि<br>● परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध | ➢ उक्त कामहरु गर्न अपनाइएका आधुनिक प्रविधिहरु सम्बन्धी भिडियो, डकुमेन्ट्र प्रदर्शन गर्ने,<br>➢ परम्परागत र आधुनिक प्रविधिमा भएको समानताको बारेमा छलफल गर्दै यिनको अन्तरसम्बन्ध बताउने । | | प्रयोगमा ल्याइएका आधुनिक प्रविधिको उदाहरण दिन लगाउने,<br>▪ कुनै कार्य गर्न अपनाइने परम्परागत र आधुनिक प्रविधिको कार्य प्रणालीको व्याख्या गर्न लगाउने । | |
| | ३. कम्प्युटरको परिचय दिई यसको प्रयोग गर्न | ● कम्प्युटरको परिचय<br>● कम्प्युटर प्रयोग हुने क्षेत्रहरु<br>● कम्प्युटरका विभिन्न भागहरुको परिचय *(Input, Output, Operating & Storage devices)*<br>● कम्प्युटरको प्रयोग<br>○ खोल्ने र बन्द गर्ने<br>○ *English & Nepali typing in word* | ➢ विद्यार्थीहरुले देखे सुनेका सूचना प्रविधिका उपकरणहरुको सूची बनउने,<br>➢ ती उपकरणहरुले गर्ने कार्यको बारेमा छलफल गर्दै कम्प्युटरको परिचय दिने,<br>➢ विभिन्न भिडियोहरु प्रदर्शन गरी कम्प्युटर प्रयोग हुने क्षेत्रहरुको बारेमा सहजीकरण गर्ने,<br>➢ कम्प्युटरको अवलोकन गराइ यसका विभिन्न भागहरुको परिचय गराउने, | क्यालकुलेटर, मोवाइल फोन, कम्प्युटर, विभिन्न भिडियोहरु | ▪ कम्प्युटर र यसका विभिन्न भागहरुको परिचय दिन लगाउने,<br>▪ कम्प्युटर प्रयोग हुने विभिन्न क्षेत्रहरुको सूची बनाउन लगाउने,<br>▪ कम्प्युटर प्रयोगशालामा विभिन्न प्रयोगात्मक कार्यहरु गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | *document*<br>○ *Saving & opening document* | ➢ कम्प्युटर प्रयोगशालामा विषय विस्तृतीकरणमा दिईएका प्रयोगात्मक कार्यहरु गराउने । | | | |
| | ४. माटोबाट विभिन्न सामग्रीहरु बनाउन | • माटोको काम गर्न उपयुक्त माटो छनौट<br>• माटोको काम गर्दा आवश्यक औजारहरु र सुरक्षित प्रयोग<br>• माटोबाट वभिन्न सामग्री निर्माण (फलफूल, जनावर, ज्यामितीय आकार, घरायसी समान आदि)<br>• निर्माण गरिएका माटोका सामग्रीहरु सुकाउने, रंगाउने र संरक्षण गर्ने । | ➢ माटोबाट निर्माण गरिएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी त्यस्ता सामग्रीहरु निर्माण गर्न प्रेरित गर्ने,<br>➢ माटोको किसिम चर्चा गरी सामग्री निर्माण गर्न उपयुक्त माटो छनौटमा सहजीकरण गर्ने,<br>➢ सामग्रीहरु निर्माण गर्न आवश्यक पर्ने औजारहरु प्रदर्शन गरी तिनको प्रयोग प्रष्ट पार्ने,<br>➢ माटोबाट विभिन्न वस्तुहरु निर्माण गर्न माटो छान्न र मुछ्न लगाउने, आकार दिई सामग्री सुकाउन लगाउने, कटिङ्ग गर्ने र पेन्टिङ्ग गर्ने अभ्यास गराउने | माटोबाट निर्माण गरिएका वस्तुहरु, चिम्टाइलो माटो, चक्कु, सुइ, ब्रस, पेन्ट | ▪ माटोको काममा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने<br>▪ विद्यार्थीहरुले निर्माण गरेका वस्तुहरुको मूल्याङ्कन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ विद्यार्थीहरुले निर्माण गरेका सामग्रीहरु सजावटकासाथ राख्ने, तिनको प्रदर्शनी गर्ने र शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्ने । | | | |
| ६. स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १. जङ्क फुड (तयारी खाना) को प्रयोगले स्वास्थ्यमा पार्ने असरहरु बताई तिनको प्रयोग घटाउन | • जङ्क फुड (तयारी खाना) को परिचय<br>• बजारमा उपलब्ध हुने जङ्क फुड (तयारी खाना) हरु<br>• जङ्क फुड (तयारी खाना) को प्रयोगले स्वास्थ्यमा पार्ने असरहरु | ➢ जङ्क फुडको परिचय दिई बजारमा पाइने जङ्क फुडका बारेमा विद्यार्थीलाई भन्न लगाई टिपोट गर्ने र चार्ट तथा भिडियो द्वारा सिकाई सहजीकरण गर्ने<br>➢ जङ्क फुडले स्वास्थ्यमा पार्ने असरहरुको बारेमा सहजीकरण गर्ने । | चार्ट<br>भिडियो | ▪ जङ्क फुड भनेको के हो ?<br>▪ जङ्क फुडको सूची बनाउन लागउने ।<br>▪ जङ्क फुडले स्वास्थ्यमा पार्ने असरहरु के के हुन ? | १५ |
| | २. वातावरण प्रदूषणको परिचय दिन | • वातावरण प्रदूषणको परिचय<br>• विभिन्न प्रकारका वातावरण प्रदूषणहरु | ➢ वातावरण प्रदूषणको परिचय दिई विभिन्न किसिमका प्रदूषण बारे भिडियो, चित्र देखाई सिकाइ सहजीकरण गर्ने । | भिडियो<br>स्लाईड<br>चार्ट | ▪ वातावरण प्रदूषण भनेको के हो ?<br>▪ विभिन्न प्रदूषणहरु बारे प्रश्न सोध्ने । | |
| | ३.. विषालु जीवहरुको टोकाइबाट बच्ने उपाय अपनाउन | • विषालु जीवहरुबाट बच्ने उपायहरु (सर्प, बिच्छी, अरिङ्गाल) | ➢ विषालु जीवहरु सर्प, बिच्छी र अरिङ्गालको भिडियो तथा चित्र देखाई यी जीवहरुको टोकाईबाट | चार्ट<br>भिडियो | ▪ सर्पको टोकाईबाट बच्ने उपायहरु भन्न लगाउने ।<br>▪ बिच्छीको टोकाईबाट बच्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | बच्ने उपायहरु बारे छलफल गर्ने र उपचार विधिको बारेमा सहजीकरण गर्ने । | | उपायहरु सोध्ने ।<br>▪ अरिङ्गालको टोकाईबाट बच्ने उपायहरु भन्न लगाउने । | |
| | ४. सर्ने र नसर्ने रोगहरु बारे जानकारी दिन | ● सर्ने र नसर्ने रोगहरु (परिचय, उदाहरण, रोग सर्ने माध्यमहरु) | ➢ रोगको परिचय दिदै सर्ने र नसर्ने आधारमा रोगको वर्गीकरण गर्न लगाई रोग सर्ने तरिकाहरुबारे सहजीकरण गर्ने,<br>➢ सर्ने रोगहरुको सर्ने विभिन्न माध्यमहरु र रोगहरु सर्ने तरिकाबारे सहजीकरण गर्ने । | चार्ट<br>भिडियो<br>स्लाईड | ▪ रोग भनेको के हो ?<br>▪ सर्ने रोग भनेको के हो ? यसका नामहरु सोध्ने ।<br>▪ नसर्ने रोगहरु के के हुन ?<br>▪ रोग सर्ने माध्यमहरु भन्न लगाउने । | |
| | ५. इको गार्डेन निर्माण गर्न | ● इको गार्डेनको परिचय<br>● इको गार्डेन निर्माण | ➢ नजिकको इको गार्डेनको अवलोकन गराई वा इको गार्डेनको भिडियो देखाई घर र विद्यालयको आगनमा सानो बगैचा कसरी निर्माण गर्न सकिन्छ भनि छलफल गराउने र अभ्यास पनि गराउने<br>➢ इको गार्डेन निर्माणका लागि आ-आफ्नो कक्षाकोठा वा भवन अगाडि छनोट गरी विभिन्न | भिडियो,<br>डकुमेन्ट्री | ▪ इको गार्डेन निर्माण गरी त्यसको संरक्षण कार्यको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | किसिमका फूलहरु तथा वनस्पतीहरुलाई पंक्तिबद्ध तरिकाले लगाउन लगाई त्यसको संरक्षण गर्न लगाउने । | | | |
| ७. विपद तथा जोखिम व्यवस्थापन | १. पानीमा डुब्ने घटनाबारे जानकारी लिई बच्ने उपायहरु अपनाउन | ● पानीमा डुब्नु<br>○ परिचय<br>○ कारण<br>○ दुर्घटनाबाट बच्ने उपायहरु | ➢ पानीमा डुब्ने घटनासँग सम्बन्धित भिडियो वा डकुमेन्ट्री प्रदर्शन गरी उक्त घटनाको परिचय र कारण सहजीकरण गर्ने,<br>➢ पानीमा डुब्ने घटनाबाट बच्ने उपायहरु छलफल गर्ने । | चार्ट, भिडियो, स्लाइड | ▪ पानीमा डुब्ने कारणहरु र बच्ने उपायहरु सोध्ने । | १० |
| | २. लु लाग्ने अवस्थाको परिचय दिन र त्यसका असरहरुबाट जोगिन | ● लु लाग्नु<br>○ परिचय<br>○ लु लाग्नुको कारण<br>○ असरहरु<br>○ सुरक्षित रहने उपायहरु | ➢ विद्यार्थीको अनुभवको आधारमा अत्यधिक गर्मी भएको बेला चल्ने तातो हावा र त्यसको असरहरु स्मरण गर्न लगाउने,<br>➢ भौगोलिक कारणसहित "लु" लाग्नुको परिचय दिने र यसका असरहरु छलफल गर्ने,<br>➢ "लु" का असरहरुबाट सुरक्षित रहन अपनाउनु पर्ने उपायहरु सहजीकरण गर्ने । | चार्ट, भिडियो, स्लाइड | ▪ "लु" लाग्नुका कारण, असर र यसबाट सुरक्षित रहने उपायहरु बारे प्रश्न सोध्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ३. शीतलहरका असरहरुबारे जानकारी लिन र त्यसबाट सुरक्षित रहन | ● शीतलहर<br>○ परिचय<br>○ शीत लहरको कारण<br>○ असरहरु<br>○ सुरक्षित रहने उपायहरु | ➢ विद्यार्थीको अनुभवको आधारमा अत्यधिक चिसो भएको बेला पर्ने शीत र त्यसको असरहरु स्मरण गर्न लगाउने,<br>➢ भौगोलिक कारणसहित शीतलहरको परिचय दिने र यसका असरहरु छलफल गर्ने,<br>➢ शीत लहरका असरहरुबाट सुरक्षित रहन अपनाउनु पर्ने उपायहरु सहजीकरण गर्ने । | चार्ट, भिडियो, स्लाइड | ▪ शीतलहरका कारण, असर र यसबाट सुरक्षित रहने उपायहरु बारे प्रश्न सोध्ने । | |
| ८. हाम्रो कृषि | १. नगरपालिकामा उत्पादन हुने कृषि उपज र आवश्यकताको अवस्था बताउन | ● आयात हुने कृषि उपजहरु<br>● निर्यात हुने कृषि उपजहरु<br>● खेर जाने कृषि उपजहरु र कारण | ➢ विद्यार्थीहरुको आ-आफ्नो घरमा खरिद गरिने र बिक्री गरिने कृषि उपजहरुको सूची बनाउन लगाउने<br>➢ नगरपालिकामा उत्पादन हुन नसक्ने फलफूल, तरकारी वा अन्य कृषि उपजको उदाहरण दिई आयात हुने कृषि उपज र नगरपालिकामा अत्यधिक उत्पादन भइ बाहिर पठाइने उपज सम्बन्धी छलफल गर्ने | चार्ट, पोष्टर | ▪ कृषिबाट उत्पादन हुने वस्तुहरुको सूची बनाउन लगाउने<br>▪ नगरपालिकामा आयात हुने, निर्यात हुने र खेर जाने कृषि उपजहरुको सूची बनाउन लगाउने । | २२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ निश्चित मौसममा उत्पादन भइ खेर जाने उपज र खेर जानुका कारण सम्बन्धी छलफल गर्ने<br>➢ नगरपालिकाको जनसंख्या र कृषि तथ्याङ्क प्रस्तुत गरी आवश्यकता र उत्पादनको अवस्था विश्लेषण गर्ने । | | | |
| | २. नगरपालिकाको आर्थिक विकासमा कृषिको योगदान वर्णन गर्न | ● व्यवसायको रुपमा कृषि<br>● तरकारी र फलफूलको भण्डारण र बजार व्यवस्थापन<br>● खाली जमीनमा फलफूल र तरकारी खेती | ➢ विद्यार्थीहरुलाई स्थानीयस्तरमा रहेको कृषिफर्म भ्रमण गराउने वा डकुमेन्ट्री प्रदर्शन गरी त्यसको गतिविधि अवलोकन गराउने,<br>➢ स्थानीयस्तरमा रहेको कुनै कृषि फर्मको कारोवारको तथ्याङ्क प्रस्तुत गरी नगरपालिकाको आर्थिक विकासमा यसको योगदान चर्चा गर्ने,<br>➢ कुनै निश्चित समयमा अत्यधिक उत्पादन हुने र खपत नहुने उपजहरुको सूची बनाउन लगाउने र तिनको सदुपयोग बारे छलफल गर्ने, | चार्ट, भिडियो, डकुमेन्ट्री, नगरपालिकाको प्राकृतिक नक्सा | ▪ कक्षा छलफलमा विद्यार्थीहरुको सहभागिता अवलोकन गर्ने<br>▪ कृषि व्यवसायले आर्थिक विकासमा पुर्‍याउने टेवा वर्णन गर्न लगाउने<br>▪ खेर जाने कृषि उपजको सदुपयोग सम्बन्धमा आफ्नो राय प्रस्तुत गर्न लगाउने<br>▪ खाली जमीनमा गरिने तरकारी र फलफूल खेतीको महत्व वर्णन गर्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | ➢ खेर जाने कृषि उपजको सदुपयोग सम्बन्धमा भण्डारण केन्द्र र बजार व्यवस्थापन बारे छलफल गर्ने,<br>➢ नगरपालिकाको खाली जमीनमा गरिएको तरकारी वा फलफूल खेती अवलोकन गर्न लगाउने र यसको महत्व छलफल गर्ने । | | | |
| | ३. माटोको उर्वराशक्ति संरक्षणका तरिकाहरु बताउन | ● माटोमा रहने तत्वहरु<br>● खेतबारीमा मलको प्रयोग (प्राङ्गारिक र रासायनिक मल)<br>● प्राङ्गारिक मल बनाउने तरिका | ➢ माटोमा रहने तत्वहरुको चार्ट प्रदर्शन गर्ने र बोटविरुवाहरुलाई आवश्यक पर्ने तत्वहरुको बारेमा छलफल गर्ने,<br>➢ विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा माटोको उर्वराशक्ति संरक्षणका तरिकाहरु प्रस्तुत गर्न लगाउने र मलको प्रयोग सम्बन्धमा छलफल गर्ने,<br>➢ रासायनिक मलको परिचय दिने र यसको उपयोगिता र असर बारे सहजीकरण गर्ने<br>➢ प्राङ्गारिक मलको परिचय दिने, | चार्ट, स्लाइड, भिडियो, रासायनिक र प्राङ्गारिक मलका नमुना | ▪ माटोमा रहने तत्वहरुको सूची बनाउन लगाउने<br>▪ रासायनिक मलको उदाहरण सोध्ने<br>▪ प्राङ्गारिक मल निर्माणमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | बनाउने तरिका बताउने र नमुनाको रुपमा बनाउन लगाउने | | | |
| | ४. फूलबारी निर्माण गर्न | **फूलबारी निर्माण**<br>● मौसमअनुसार फुल्ने फूलहरुको पहिचान<br>● फूलको ब्याड तयारी र विरुवा रोपण<br>● फूलबारीको गोडमेल र हेरचाह | ➢ विद्यार्थीहरुको समूह निमार्ण गरी क्षेत्र (जमीन) निर्धारण गर्ने ।<br>➢ समूहअनुसार उपलब्ध गराइएको जमीनमा बोटबिरुवाहरु रोप्न लगाउने ।<br>➢ आफूले रोपेको बिरुवाको आवश्यकताअनुसार मल, जल र हेरविचार गर्न लगाउने ।<br>➢ विभिन्न डकुमेन्ट्री प्रदर्शन गरी फूलबारी निर्माण र संरक्षण गर्न प्रेरित गर्ने । | भिडियो, डकुमेन्ट्री, पोष्टर, कृषि सम्बन्धी औजारहरु | ▪ फूलबारी निमाणमा विद्यार्थीको सहभागिता मूल्याङ्कन गर्ने<br>▪ विद्यार्थीहले तयार पारेको फूलबारी अवलोकन गरी तिनीहरुको कामको मूल्याङ्कन गर्ने<br>▪ फूलबारी निर्माणसँग सम्बन्धित प्रश्नहरु सोध्ने । | |
| | ५. पशुपन्छीको वासस्थान, आहार र सामान्य रोगहरुबारे जानकारी लिन | ● परम्परागत रुपमा पशुपन्छीपालन गर्दा हुने कठिनाइ र समस्याहरु<br>● पशुपन्छीहरुको बासस्थान, आहार र सामान्य रोगहरु | ➢ पराम्परागतरुपमा पशुपालनका भिडियो, डकुमेन्ट्रीहरु प्रदर्शन गरी त्यहाँ रहेका समस्या र कठिनाइ सम्बन्धी छलफल गर्ने,<br>➢ व्यवस्थित तरिकाले पशुपन्छीपालन भएका भिडियो, डकुमेन्ट्रीहरुमार्फत उक्त व्यवसायप्रति सकारात्मक सोच विकास गर्ने । | भिडियो, चार्ट, स्लाइड | ▪ परम्परागत रुपमा पशुपन्छीपालनका समस्या र कठिनाइहरु वर्णन गर्नुहोस् ।<br>▪ भेडा/बाखाको सन्तुलित आहारको सूची बनाउनुहोस्<br>▪ हाँस/कुखुराको उचित वासस्थान कस्तो हुनु पर्दछ<br>▪ निम्न पशुपन्छीहरुमा लाग्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | (गाई/भैँसी, भेडा/बाखा, हाँस/कुखुरा, माछा) | ➢ गाई/भैँसी, भेडा/बाखा, हाँस/कुखुरा र माछाको वासस्थानको स्लाइड प्रदर्शन गरी उचित वासस्थान सम्बन्धी सहजीकरण गर्ने,<br>➢ गाई/भैँसी, भेडा/बाखा, हाँस/कुखुरा र माछाको आहारको चार्ट प्रदर्शन गरी सन्तुलित आहारसम्बन्धी सहजीकरण गर्ने,<br>➢ गाई/भैँसी, भेडा/बाखा, हाँस/कुखुरा र माछामा लाग्ने सामान्य रोगहरुको चार्ट प्रदर्शन गरी तिनमा लाग्ने रोगहरुबारे जानकारी दिने,<br>➢ सामान्य रोग लागेका गाई/भैँसी, भेडा/बाखा, हाँस/कुखुरा र माछाको भिडियो प्रदर्शन गरी उक्त रोगका लक्षणहरुबारे जानकारी दिने । | | रोगहरुको सूची बनाउनुहोस्<br>(१) भेडा, बाखा<br>(२) गाई, भैँसी<br>(३) हाँस, कुखुरा<br>(४) माछा | |

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

आधारभूत तह (कक्षा ४-५) का लागि निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित, तथा सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । शिक्षकले विद्यार्थीलाई प्रर्याप्त सिकाइ अवसर उपलब्ध गराई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गरी सिकाइमा सहजीकरण गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया सिकाइ र मनोविज्ञानका निश्चित प्रक्रिया अनुसरण गर्ने एक प्रकारको कला हो । कक्षालाई सिकाइमुखी बनाउन र विद्यार्थीलाई स्थानीय विषयवस्तुको सिकाइमा सक्रिय बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, मनोविज्ञान, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण परिस्थिति, समय र विद्यार्थी सङ्ख्या, क्षमता र रुचि जस्ता पक्षमा ध्यान दिनुपर्छ । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- विद्यार्थीको व्यक्तिगत भिन्नता र सिकाइ क्षमताका आधारमा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई सिकाइलाई प्रोत्साहन गर्ने
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्ने
- प्रयोगात्मक पक्षमा जोड दिई अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने
- सिकाइमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्ने
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्ने
- सिकाइ सहजीकरण गर्दा आवश्यकतानुसार स्थानीय विषयवस्तुको जानकार व्यक्तिलाई श्रोतव्यक्तिको रुपमा आमन्त्रण गर्ने

## ११. सिकाइलाई सहयोग पुर्‍याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरु

आधारभूत तह (कक्षा ४-५) को स्थानीय पाठ्यक्रम अन्तर्गत हाम्रो शुक्लाफाँटा विषयको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालनका लागि सम्भाव्य शिक्षण सिकाइ विधिहरु निम्नानुसार रहेका छन ।

| | | |
|---|---|---|
| १. छलफल र प्रश्नोत्तर | ९. समस्या समाधान विधि | १७. स्थलगत अध्ययन |
| २. आगमन विधि | १०. खेल विधि | १८. लघु परियोजना |
| ३. भूमिका निर्वाह/अभिनय | ११. प्रयोगात्मक विधि | १९. खोज विधि |
| ४. निर्माणात्मक कक्षा | १२. भ्रमण विधि | २०. अवलोकन |
| ५. सहयोगात्मक कक्षा | १३. प्रदर्शन विधि | |
| ६. कथाकथन एवम् गीत | १४. स्वाध्ययन | |
| ७. प्रविधियुक्त कक्षा | १५. उदाहरण र प्रयोग | |
| ८. सिर्जनात्मक कार्य | १६. परियोजना कार्य | |

## १२. विद्यार्थी मूल्याङ्कन प्रक्रिया :

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तरपृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**(क) निर्माणात्मक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिईने छ । मूल्याङ्कनका क्रममा विद्यार्थीको सिप/कला, व्यवहार परिवर्तन, सकारात्मक प्रवृत्ति, क्षमता प्रदर्शन आदि पक्षहरुलाई निर्माणात्मक मूल्याङ्कनका विभिन्न साधनहरु प्रयोग गरी परीक्षण गर्नु पर्दछ र प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :**शिक्षण सिकाई क्रियाकलापको अन्तमा निर्णय दिने अभिप्रायले गरिने मूल्याङ्नलाई निर्णयात्मक मूल्याङ्न भनिन्छ । आधारभूत तह कक्षा ४-५ मा स्थानीय विषय "हाम्रो शुक्लाफाँटा" को मूल्याङ्कन निम्नानुसार गरिने छ :

क) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गरिने छ ।

ख) निर्णयात्मक मूल्याङ्कनका लागि प्रयोग गरिने अन्तिम परीक्षाको प्रश्नपत्र अनुसूची २ अनुसारको विशिष्टीकरण तालिका प्रयोग गरी तयार गर्नु पर्नेछ ।

(ग) आन्तरिक मूल्याङ्कन र अन्तिम परीक्षाको नतिजाको आधारमा निर्णयात्मक मूल्याङ्कन गर्दा अक्षरात्मक प्रणालीमा विद्यार्थीको समग्र उपलब्धि तयार गर्नु पर्दछ जुन अनुसूची ३ अनुसार हुनेछ ।

(घ) निर्णयात्मक मूल्याङ्कनका आधारमा विद्यार्थीको नतिजा विवरण अनुसूची ४ अनुसार तयार पारिनेछ ।

**१. आन्तरिक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजालाई आन्तरिक मूल्याङ्कनका रूपमा निर्णयात्मक प्रयोजनमा प्रयोग गरिने छ । यी कक्षाहरूमा आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत कायम गरी बाँकी ५० प्रतिशत भारको परीक्षा सञ्चालन गरिने छ । यसका लागि प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका *(Portfolio)* बनाई आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजाको अभिलेख व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | विस्तृतीकरण | भार |
|---|---|---|---|
| १. | सहभागिता | नियमितता, कक्षा कार्य, परियोजना कार्य, समूह कार्यमा सहभागिता | ४ |
| २. | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | प्रयोगात्मक तथा सिर्जनात्मक कार्यका लागि सामग्रीको तयारी, सामग्री प्रयोग गरी कार्य सञ्चालन, कार्यको नतिजा, प्रस्तुतीकरण | २० |
| ३. | खोज तथा परियोजना कार्य | खोज तथा परियोजना कार्य सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण | १६ |
| ४. | त्रैमासिक परीक्षाहरु | पहिलो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट पहिलो परीक्षा ५ अङ्क तथा पहिलो र दोस्रो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट दोस्रो त्रैमासिक परीक्षा ५ अङ्क प्रदान गरिने छ । | १० |
| | | **जम्मा** | **५०** |

उल्लिखित तालिकाका नं. १ देखि ३ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ जसका लागि मूल्याङ्कनका विविध साधनहरु प्रयोग गर्नु पर्दछ । उक्त क्रियाकलापलाई निर्माणात्मक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ । उक्त अभिलेखलाई नं ४ को क्रियाकलापसँगै निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नु पर्दछ । विद्यार्थीको सहभागिता, सिर्जनात्मकता तथा प्रयोगात्मक सिप र खोज तथा परियोजना कार्यको मूल्याङ्न गर्दा निम्नानुसार गर्नु पर्दछ ।

| उपलब्धिस्तर | मापन स्केल | व्याख्या |
|---|---|---|
| कमजोर | १ | **१. सहभागिता :**<br>(क) ७५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा सामूहिक रूपमासमेत प्रयास नगरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) दिइएको कार्य गर्न कठिनाइ भएको र कुनै पनि सिर्जनात्मक कार्य गर्न नसकेको<br>(ख) सामूहिक कार्यमा आफ्नो जिम्मेवारी पुरागर्न नसकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशन अनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको<br>(ख) कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पुरागर्न नसकेको |
| सामान्य | २ | **१. सहभागिता :**<br>(क) ७५ प्रतिशतदेखि बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा समूह कार्यमा न्यून सहभागिता जनाएमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) देखे, सुनेअनुसार कार्यको नक्कल गर्ने प्रयास गरेको तर केही कठिनाइ भएको<br>(ख) सामूहिक कार्यमा न्यून सहभागिता देखाएको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशनअनुसार चरणबद्धरूपमा कार्य गर्न केही कठिनाइ भएको<br>(ख) अरुको सहयोगमा कार्य सम्पन्न गरेको तर समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न नसकेको |
| राम्रो | ३ | **१. सहभागिता :**<br>(क) ८० प्रतिशतदेखि बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न समूह कार्यमा सक्रिय सहभागिता |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) देखे, सुनेअनुसार कार्यको हु-वहु नक्कल गरी सन्तोषजनक रुपमा दिइएको कार्य सम्पन्न गर्न सकेको<br>(ख) सामूहिक कार्यमा निर्देशन अनुसार सहभागिता देखाएको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशन अनुसार चरणबद्ध रूपमा तोकिएको कार्य सम्पन्न गरी समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर व्यवस्थित तरिकाले प्रस्तुत गर्न नसकेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी धेरै जसो पूरागरेको |

| उपलब्धिस्तर | मापन स्केल | ब्याख्या |
|---|---|---|
| उच्च | ४ | **१. सहभागिता :**<br>(क) ८५ प्रतिशतदेखि बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सामूहिक कार्यको नेतृत्व गरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) आफ्नै मौलिकतामा सन्तोषजनक रुपमा सिर्जनात्मक कार्यहरु गर्न सकेको<br>(ख) सामूहिक कार्यमा सन्तोषजनक रुपमा आफ्नो भूमिका निर्वाह गर्न सकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशन अनुसार चरणबद्ध रूपमा तोकिएको कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबैकुरा समावेश गरी व्यवस्थितरूपमा प्रस्तुत गरेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको |
| उत्कृष्ट | ५ | **१. सहभागिता :**<br>(क) ९० प्रतिशतभन्दा बढी उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सक्रियता सहित सामूहिक नेतृत्व र जिम्मेवारी पूर्वक कार्य सम्पादन गरेमा |
| | | **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य**<br>(क) आफ्नै मौलिकतामा उत्कृष्ट सिर्जनात्मक कार्यहरु गर्न सकेको<br>(ख) सामूहिक कार्यमा नेतृत्व गरी आफ्नै तरिकाले उत्कृष्ट रुपमा कार्य सम्पन्न गर्न सकेको |
| | | **३. खोज तथा परियोजना कार्य**<br>(क) निर्देशन अनुसार चरणबद्ध रूपमा तोकिएको कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको<br>(ख) समूहमा आफ्नो जिम्मेवारी पूरा गर्नुको साथै अरुलाई पनि सहयोग गरेको |

**आन्तरिक मूल्याङ्कनका क्षेत्रहरुका लागि सम्भावित क्रियाकलापहरुः**

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिहरूसँग सम्बन्धित केही कार्यहरूको उदाहरणहरू तल दिईएका छन् । यी बाहेक पाठ्यक्रमका सिकाइ उपलब्धि पूरागर्नको लागि अन्य कार्यहरू शिक्षकले आवश्यकताअनुसार गराउनु पर्नेछ । उक्त कार्यहरू नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्ने छ ।

| मूल्याङ्कनका पक्ष | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| **१. समूह सहभागिता** | (१) मातृ भाषाका गीत/कविता गाउँदा सहभागिता<br>(२) स्थानीय पहिरन र गरगहना लगाई गरिने अभिनयमा सहभागिता<br>(३) स्थानीय जडीवुटी संकलनमा सहभागिता<br>(४) वनजङ्गल संरक्षणमा अभिभावकहरुसँग विद्यार्थीको सहभागिता<br>(५) शिक्षण सिकाइको क्रममा कक्षामा हुने छलफलमा सहभागिता<br>(६) कागजको काम गर्दा विद्यार्थीको सहभागिता<br>(७) विभिन्न अभिनयात्मक क्रियाकलापहरुमा सहभागिता<br>(८) विभिन्न क्रियाकलापहरु जस्तै :- वादविवाद, हाजिरीजवाफ, बक्तृत्वकला आदिमा सहभागिता<br>(९) विभिन्न सिर्जनात्मक तथा प्रयोगात्मक कार्यहरुमा सहभागिता<br>(१०) खोज तथा परियोजना कार्यहरुमा सहभागिता<br>(११) विद्यालय वातावरणको सरसफाइमा विद्यार्थीको सहभागिता<br>(१२) फूलवारी/करेसावारी निर्माणमा विद्यार्थीको सहभागिता | (१) होली गीत गाउन र नाच्न सहभागिता<br>(२) राना र चौधरी भाषाका दैनिक जीवनमा प्रयोग हुने शव्दहरु बोलाइको अभ्यास<br>(३) स्थानीय जडीवुटी सङ्कलनमा सहभागिता<br>(४) प्राकृतिक श्रोत सम्पदाहरुको संरक्षणमा विद्यार्थीको सहभागिता<br>(५) शिक्षण सिकाइको क्रममा कक्षामा हुने छलफलमा सहभागिता<br>(६) माटोको काम गर्दा विद्यार्थीको सहभागिता<br>(७) विभिन्न अभिनयात्मक क्रियाकलापहरुमा सहभागिता<br>(८) विभिन्न क्रियाकलापहरु जस्तै :- वादविवाद, हाजिरीजवाफ, बक्तृत्वकला आदिमा सहभागिता<br>(९) विभिन्न सिर्जनात्मक तथा प्रयोगात्मक कार्यहरुमा सहभागिता<br>(१०) खोज तथा परियोजना कार्यहरुमा सहभागिता<br>(११) इको गार्डेन निर्माणमा विद्यार्थीको सहभागिता<br>(१२) फूलवारी निर्माणमा विद्यार्थीको सहभागिता |

| मूल्याङ्कनका पक्ष | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| **२. सिर्जनात्मक तथा प्रयोगात्मक कार्य** | (१) वडाको जनसङ्ख्यालाई महिला/पुरुष र साक्षर/निरक्षरमा वर्गीकरण गरी स्तम्भ चित्रमा प्रस्तुत गर्ने<br>(२) मातृ भाषामा गीत/कविताहरु रचना गर्ने<br>(३) स्थानीय बाजाहरु बजाउने<br>(४) हामीले प्रयोग गर्ने जैविक र अजैविक प्राकृतिक श्रोतहरुको सूची बनाउने<br>(५) रानी ताल संरक्षणका लागि गर्नुपर्ने कार्यहरुको बारेमा राय प्रस्तुत गर्ने<br>(६) ढिकी, जातो र चूक पेल्ने कोल चलाउने र त्यसको कार्य प्रविधि वर्णन गर्ने<br>(७) कागजको काम गर्दा औजारहरु प्रयोग गर्ने र नाप लगाउने<br>(८) कागजका वस्तुहरु निर्माण र पेपर र्‍यापिङ्गको कार्य गर्ने<br>(९) कुहिने फोहोर मैलाबाट मल निर्माण गर्ने<br>(१०) फूलवारी/करेसावारी निर्माण, गोडमेल र हेरचाह गर्ने | (१) शुक्लाफाँटा नगरपालिकाको जनसङ्ख्यालाई वडागत रुपमा महिला/पुरुष र साक्षर/निरक्षरमा वर्गीकरण गरी स्तम्भ चित्रमा प्रस्तुत गर्ने<br>(२) होली गीतहरु रचना गर्ने, गाउने र नाच्ने<br>(३) घर र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता निर्माण गर्ने, प्रदर्शन गर्ने र पालना गर्ने<br>(४) मणिका तालको स्थलगत अवलोकन भ्रमण गरी त्यसको वर्तमान अवस्था, भ्रमण सुविधा, संरक्षणका प्रयासहरु, पर्यटन विकासका लागि गर्नुपर्ने आवश्यक कार्यहरुसहित प्रतिवेदन तयार गर्ने ।<br>(५) सिद्ध बैजनाथ तालको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुको बारेमा राय प्रस्तुत गर्ने<br>(६) विभिन्न कार्य गर्न प्रयोग गरिने परम्परागत उपकरणहरु चलाउने र तिनको कार्य प्रविधि वर्णन गर्ने<br>(७) कम्प्युटर खोल्ने, बन्द गर्ने, अंग्रेजी र नेपाली टाइप गर्ने, फाइलहरु सेभ गर्ने तथा सेभ गरिएका फाइलहरु खोल्ने ।<br>(८) उपयुक्त माटो छनौट गरी सामग्री निर्माण गर्न माटोको तयारी गर्ने<br>(९) माटोबाट वस्तुहरु निर्माण गर्ने, सुकाउने, रंगाउने र तिनको संरक्षण गर्ने<br>(१०) विद्यालयको फूलवारी नजिक सानो खाडल बनाउने । त्यसमा कुहिने फोहरमैला फाल्ने । समय समयमा पानी हाल्ने । ६ महिनापछि त्यसलाई निकालेर फूलावारीमा हाल्ने<br>(११) फूलवारी निर्माण, गोडमेल र हेरचाह गर्ने |

| मूल्याङ्कनका पक्ष | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| ३. खोज तथा परियोजना कार्य | (१) शुक्लाफाँटा नगरपालिकाको विभिन्न स्थानको अवलोकन भ्रमण गरी नगरपालिकाको धरातलीय बनोटको प्रतिवेदन कक्षामा प्रस्तुत गर्ने<br>(२) वडा कार्यालयको भ्रमण गर्ने । त्यहाँ लगाइएको नागरिक वडापत्र अध्ययन गर्ने र कार्यालयबाट प्राप्त हुने सेवाहरुको सूची कक्षामा प्रस्तुत गर्ने<br>(३) आफ्नो वडामा रहेको स्वास्थ्य चौकीको भ्रमण गर्ने । कार्यालय प्रमुखसँग अन्तरक्रिया गरी त्यहाँबाट प्राप्त हुने स्वास्थ्य सेवाहरुको सूची निर्माण गर्ने<br>(४) विभिन्न जानकार व्यक्तिहरुसँग सोधपुछ गरी वडामा रहेका स्वास्थ्य सेवा केन्द्रहरुको सूची निर्माण गर्ने<br>(५) आ-आफ्नो समुदायमा मनाइने चाँडपर्वहरु र तिनको तिथिमितिको सूची निर्माण गर्ने<br>(६) गाउँघरमा रहेका वैद्य, औषधि सम्बन्धी जानकार व्यक्तिसँग सोधपुछ गरी अमला, हर्रो र बर्रोको उपयोगिता कक्षामा प्रस्तुत गर्ने<br>(७) नगरपालिकामा रहेका धार्मिक पर्यटकीय स्थलहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्ने<br>(८) गत विगतका वर्षहरुमा आफ्नो समुदायमा बाढी, आगलागी र चट्याङका घट्नाबाट भएको क्षति सम्बन्धी घरपरिवार वा समुदायका सदस्यहरुसँग सोधपुछ गरी कक्षामा प्रतिवेदन पेश गर्ने | (१) वडा कार्यालयको भ्रमण गर्ने । त्यहाँ लगाइएको नागरिक वडापत्र अध्ययन गर्ने र कार्यालयबाट सम्पादन हुने कार्यहरुको सूची कक्षामा प्रस्तुत गर्ने ।<br>(२) थारुसमुदायका जानकार व्यक्तिहरुसँग भेटघाट गरी समुदायमा चलेका प्रथाहरु भर्रा/गुरुवा र भलमन्सा/बड्घरको बारेमा जानकारी सङ्कलन गर्ने र कक्षामा प्रस्तुत गर्ने ।<br>(३) शुक्लाफाँटा नगरपालिकामा रहेका प्राकृतिक श्रोत सम्पदाहरुको संरक्षणमा संलग्न संघ, संस्था तथा व्यक्तिहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>(४) शुक्लाफाँटा नगरपालिकामा रहेका वनहरुको सूची बनाइ तिनलाई निजी वन, सामुदायिक वन र राष्ट्रिय वनमा वर्गीकरण गर्ने ।<br>(५) गाउँघरमा रहेका वैद्य, औषधि सम्बन्धी जानकार व्यक्तिसँग सोधपुछ गरी अदुवा, वेसार र घ्यूकुमारीको उपयोगिता कक्षामा प्रस्तुत गर्ने<br>(६) नगरपालिकामा रहेका सम्भावित पर्यटकीय स्थलहरुको खोजी गर्ने । ती स्थलहरुको पर्यटकीय विकासका लागि गर्नुपर्ने कार्यहरुको सूची बनाइ कक्षामा प्रस्तुत गर्ने<br>(७) आफ्नो समुदायमा सञ्चालित विभिन्न व्यवसायहरुको खोजी गर्ने, तीं व्यवसायहरु कृषिमाआधारित वा गैह्र कृषिमा आधारित के हुन छुट्याउने ।<br>(८) आफ्नो समुदायमा सञ्चालित व्यवसायहरुमध्ये कुनै एक छनौट गरी त्यसको सञ्चालक वा आधिकारिक व्यक्तिसँग भेटघाट गर्ने । सो व्यवसाय सञ्चालनमा गरिएको लगानी सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने । उक्त व्यवसाय सानो, |

| मूल्याङ्कनका पक्ष | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | (९) आफ्नो घर परिवार वा छिमेकीले उत्पादन गर्ने विभिन्न कृषि उपजहरुलाई नगदेवाली, अन्नवाली, फलफूल आदि समूहमा वर्गीकरण गर्न लगाउने<br>(१०) पशुपालनबाट प्राप्त गर्न सकिने वस्तुहरु खोजी गरी प्रस्तुत गर्ने | मझौला वा ठूलो कुन खालको रहेछ ? प्रतिवेदन कक्षामा पेश गर्ने ।<br>(९) आफ्नो समुदायका दश घरपरिवारमा भ्रमण गर्ने । तिनको घरमुलीसँग सोधपुछ गरी एक वर्षमा आयात गर्ने, निर्यात गर्ने र खेरजाने कृषि उपजको सालाखाला तथ्याङ्क सङ्कलन गर्ने र कक्षामा प्रस्तुत गर्ने ।<br>(१०) आफ्नो समुदायमा रहेका स्वास्थ्यकर्मी वा स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिसँग जङ्क फुडले स्वास्थ्यमा पार्ने असरहरुसम्वन्धी अन्तरकिया गर्नुहोस् । उहाँले दिनुभएको जानकारी टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(११) आफ्नो समुदायमा गरिएका व्यवसायिक कृषिफर्मको अवलोकन गर्ने । कृषि फर्म सञ्चालकसँग सोधपुछ गरी एक वर्षमा गरिने आय व्ययको विवरण सङ्कलन गर्ने र कक्षामा प्रस्तुत गर्ने ।<br>(१२) आफ्नो वरपर खाली जमिन (नदी तट, जंगल किनारा, जङ्गल) मा गरिएको तरकारी वा फलफूल वा अन्य खेतीको बारेमा जानकारी लिई कक्षामा प्रस्तुत गर्ने ।<br>(१३) आफ्नो वडा कार्यालय वा नगरपालिकाको पशु शाखाको भ्रमण गर्ने । पशु स्वास्थ्य कार्यकर्तासँग सोधपुछ गरी गाई, भैसी, भेडा, बाखा, हाँस, कुखुरा र माछामा लाग्ने सामान्य रोगहरुको सूची बनाउने । |

उपरोक्तानुसार गरिएको आन्तरिक मूल्याङ्कनको समष्टिगत विवरण अनुसूची १ बमोजिम तयार गर्नु पर्दछ ।

**२. वाह्य मूल्याङ्कन :**

बाह्य मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिकसत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनु पर्नेछ । हाम्रो शुक्लाफाँटा विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरु हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र अनुसूची २ अनुसारको विशिष्टीकरण तालिका प्रयोग गरी निर्माण गरिनेछ ।

## १३. स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको कार्यान्वयनका लागि विद्यालयमा कार्यरत शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. को महत्वपूर्ण भूमिका रहनेछ । यो पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको सिलसिलामा स्थानीय स्तरका बुद्धिजीवी, शिक्षाविद्, समाजसेवी, अभिभावक तथा सम्बन्धित विषयक्षेत्रका जानकार व्यक्तिहरुलाई आवश्यकता अनुसार श्रोतव्यक्तिका रुपमा लिन सकिन्छ । पाठ्यक्रमको कार्यान्वयनका क्रममा आवश्यकताअनुसार मातृभाषा, नेपाली भाषा वा अंग्रेजी भाषाको प्रयोग गर्न सकिनेछ । स्थानीय पाठ्यक्रमको लागि आवश्यकताअनुसार पाठ्यसामग्रीको विकास गरिनुकासाथै विषय शिक्षकहरुलाई विषयवस्तुको सहजीकरण गर्न अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ । आवश्यकता अनुसार पाठ्यक्रम कार्यान्वयनका क्रममा देखापरेका समस्या समाधानका लागि सेमिनार, गोष्ठी, छलफल, अन्तरक्रिया, अभिमुखीकरणजस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । यो पाठ्यक्रम "राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६" तथा शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नीति निर्देशन अनुरुप कार्यान्वयन गरिदै लगिनेछ ।

## १४. स्थानीय पाठ्यक्रम परिमार्जन तथा संशोधन

समयको  गतिसँगै विज्ञान तथा प्रविधिको विकासले समाजका इच्छा, आकांक्षा तथा आवश्यकता परिवर्तन हुँदै जाने गर्दछन् । समाजका इच्छा आकांक्षा तथा आवश्यकताहरुअनुसार पाठ्यक्रमको विकास, संशोधन तथा परिमार्जन गर्नु पर्दछ । त्यसैले यो विषयको पाठ्यक्रम पनि विषयक्षेत्रका विषयवस्तुमा भएको खोज, अनुसन्धान र सरोकार पक्षहरुको सल्लाह तथा सुझावका आधारमा समयसापेक्ष बनाउन संशोधन तथा परिमार्जनलाई खुला गरिदै लगिने छ ।

## अनुसूची १

# आन्तरिक मूल्याङ्कनको अभिलेख

**विद्यालयको नाम:**

**आन्तरिक मूल्याङ्कन अभिलेख (शैक्षिक सत्र ...........)**

**कक्षा:** **सेक्सन:**

**विषय: हाम्रो शुक्लाफाँटा**

| क्षेत्र | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोल नं. | विद्यार्थीको नाम | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य | सहभागिता | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य | खोज तथा परियोजना कार्य |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# आन्तरिक मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क विवरण

| | मूल्याङ्कनका क्षेत्र | सहभागिता (४) | सिर्जनात्मक तथा प्रयोगात्मक कार्य (२०) | खोज तथा परियोजना कार्य (१६) | त्रैमासिक परीक्षाहरु (१०) | जम्मा (५०) |
|---|---|---|---|---|---|---|
| रोल नं. | विद्यार्थीको नाम | $= \frac{\text{सहभागितामा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका सूचकहरूको संख्या}} \times \text{४}$ | $= \frac{\text{कार्यहरूमा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका कार्यहरूको संख्या}} \times \text{२०}$ | $= \frac{\text{कार्यहरूमा प्राप्त अङ्कको जोड}}{\text{५} \times \text{मूल्याङ्कन गरिएका कार्यहरूको संख्या}} \times \text{१६}$ | $= \frac{\text{त्रैमासिक परीक्षाहरूमा प्राप्त जम्मा अङ्कक}}{\text{कुल पूर्णाङ्क}} \times \text{१०}$ | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विषय शिक्षकको हस्ताक्षर

प्रधानाध्यापकको हस्ताक्षर

**अनुसूची २** (विशिष्टीकरण तालिका)

विषय :- हाम्रो शुक्लाफाँटा

कक्षा :- ५

**समय :- २ घण्टा** **पूर्णाङ्क :- ५०**

| क.सं. | क्षेत्र | कार्य घण्टा | ज्ञान २४% | | | बोध २८% | | | | प्रयोग तथा सिप २८% | | | | उच्च दक्षता २०% | | | जम्मा प्रश्न संख्या | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | व. वै. | अति छोटो | छोटो | व. वै. | अति छोटो | छोटो | लामो | व. वै. | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | | |
| १ | हाम्रो नगरपालिका | १५ | १ | | | | | १ | | | | | | | | १ | ३ | ७ |
| २ | हाम्रो समुदाय, संस्कृति र मूल्य मान्यताहरू | १७ | | १ | १ | १ | १ | | | | | १ | | | | | ५ | ७ |
| ३ | हाम्रा प्राकृतिक श्रोत र सम्पदाहरू | १५ | | | १ | १ | १ | | | १ | १ | | | | | | ५ | ६ |
| ४ | हाम्रा पर्यटकीय स्थलहरू | १५ | १ | | | | | | | | १ | | | | | १ | ३ | ६ |
| ५ | हाम्रो पेसा, व्यवसाय र प्रविधि | १९ | | | | | | | १ | १ | | | | | | | २ | ५ |
| ६ | स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण | १५ | १ | | १ | | १ | | | | १ | | | | १ | | ५ | ७ |
| ७ | विपद् तथा जोखिम व्यवस्थापन | १० | | १ | | १ | | | | १ | | १ | | | | | ४ | ५ |
| ८ | हाम्रो कृषि | २२ | १ | | | | | १ | | | | | १ | | | | ३ | ७ |
| | | **१२८** | **४** | **२** | **३** | **३** | **३** | **२** | **१** | **३** | **३** | **२** | **१** | **०** | **१** | **२** | **३०** | **५०** |

| क.सं. | प्रश्नको प्रकार | प्रश्न संख्या र अङ्क भार |
|---|---|---|
| १ | वस्तुगत (वहु वैकल्पिक) | १० प्रश्न × १ अङ्क = १० अङ्क |
| २ | अति छोटो उत्तर आउने प्रश्नहरू | ८ प्रश्न × १ अङ्क = ८ अङ्क |
| ३ | छोटो उत्तर आउने प्रश्नहरू | ८ प्रश्न × २ अङ्क = १६ अङ्क |
| ४ | लामो उत्तर आउने प्रश्नहरू | ४ प्रश्न × ४ अङ्क = १६ अङ्क |
| | | ३० प्रश्न = ५० अङ्क |

## नमुना प्रश्नपत्र

कक्षाः ५

विषयः हाम्रो शुक्लाफाँटा

समयः २ घण्टा पूर्णाङ्कः ५०

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस्।*

**समूह 'क'**

**तलका प्रश्नहरुको उपयुक्त विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस्। १०×१=१०**

१. शुक्लाफाँटा नगरपालिकाको नामाकरण गर्नुपूर्व यस नगरपालिकाको नाम के थियो ?
(क) झलारी नगरपालिका (ख) पिपलाडी नगरपालिका
(ग) झलारीपिपलाडी नगरपालिका (घ) अर्जुनी नगरपालिका

२. तपाईंले आफ्नो बुवालाई "दादो" भनेर सम्बोधन गर्नुहुन्छ भने तपाई कुन भाषा बोल्दै हुनुहुन्छ ?
(क) डोटेली (ख) राना थारु (ग) चौधरी (घ) नेपाली

३. तपाईंको घरमा खाना पकाउन प्रयोग गरिने ग्याँस (LP Gas) कुन प्रकारको प्राकृतिक श्रोत हो ?
(क) नवीकरणीय (ख) अनवीकरणीय
(ग) हावाबाट बन्ने (घ) पानीबाट बन्ने

४. घ्यूकुमारीको प्रयोग तलका मध्ये के मा गरिन्छ ?
(क) आगोले पोलेमा (ख) खुट्टा मर्केमा
(ग) रुघाखोकी लागेमा (घ) कम्मर दुखेमा

५. सिद्ध बैजनाथ ताल शुक्लाफाँटा नगरपालिकाको वडा नं. ........... मा पर्दछ।
(क) एक (ख) दुई (ग) तीन (घ) चार

६. कम्प्यटरमा कपी (Copy) गरिएको कुनै फाइललाई पेष्ट (Paste) गर्न प्रयोग गरिने Shortcut Key कुन हो ?
(क) Ctr+A (ख) Ctr+V (ग) Ctr+C (घ) Ctr+P

७. मरेको जनावर पानीको मुहानमा फाल्दा कुन किसिमको प्रदूषण हुन्छ ?
(क) माटो प्रदूषण (ख) रासायनिक प्रदूषण
(ग) हावा प्रदूषण (घ) पानी प्रदूषण

८. पानीमा डुब्नु भन्नाले .... ..... .... बुझाउँछ ?
(क) हात डुब्नु (ख) खुट्टा डुब्नु (ग) कम्मरसम्म डुब्नु (घ) टाउँको समेत डुब्नु

९. लु लाग्नबाट बच्न के गर्नुपर्छ ?
(क) गर्मी याममा बाहिर नघुम्ने (ख) तातो पानी पिउने
(ग) पोखरीमा पौडी खेल्ने (घ) पसिना आउने गरि काम गर्ने

१०. व्यवसायिक रुपमा तरकारी खेती गर्दा तलका मध्ये कुन कुरा कम आवश्यक पर्दछ ?
(क) मलको व्यवस्थापन (ख) भण्डारणको व्यवस्थापन
(ग) बाटोको व्यवस्थापन (घ) बजारको व्यवस्थापन

**समूह 'ख'**

**तलका प्रश्नहरुको अति छोटो उत्तर लेख्नुहोस् ।** ८×१=८

११. थारुसमुदायमा "गुरुवा" ले गर्ने कुनै एक कार्य के हो ?
१२. थारुसमुदायमा रहेका "भर्रा" र "भलमन्सा" ले गर्ने कार्यमा एउटा भिन्नता लेख्नुहोस् ।
१३. नवीकरणीय श्रोत भन्नाले के बुझिन्छ ?
१४. सामुदायिक वनको कुनै एउटा उपयोगिता लेख्नुहोस् ।
१५. शुक्लाफाँटा नगरपालिकामा रहेको थारु सङ्ग्रहालयले पर्यटन प्रवर्द्धनमा के फाइदा पुरयाउँछ ?
१६. "कोभिड १९" लाई किन सर्ने रोग भनिन्छ ?
१७. विद्यालयमा "इको गार्डेन" बनाउन किन आवश्यक छ ? कुनै एउटा प्रयोग लेख्नुहोस् ।
१८. "लु लाग्नु" भनेको के हो ?

**समूह 'ग'**

**तलका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् ।** ८×२=१६

१९. तपाईले अध्ययन गर्ने बाहेक शुक्लाफाँटा नगरपालिकामा रहेका कुनै दुई विद्यालयको नाम लेख्नुहोस् ।
२०. तपाईको समुदायमा होलीमा गाउने कुनै होली गीतको दुई लाइन लेख्नुहोस् ।
२१. आफ्नो कक्षालाई अनुशासनमा राख्न विद्यार्थीले पालना गर्नुपर्ने मुख्य दुई आचारसंहिता उल्लेख गर्नुहोस् ।
२२. प्राकृतिक श्रोत संरक्षणका कुनै दुई उपायहरु लेख्नुहोस् ।
२३. जङ्क फुड (तयारी खाना) को प्रयोगले मानिसको स्वास्थ्यमा पर्ने कुनै दुई नकारात्मक असरहरु लेख्नुहोस् ।
२४. विद्यालयबाट घर फर्कदा बाटोमा तपाईँको साथीलाई बिच्छीले टोक्यो भने के कस्तो प्राथमिक उपचार गर्नुपर्छ ? उल्लेख गर्नुहोस् ।
२५. शीत लहरबाट बच्ने कुनै दुई उपायहरु लेख्नुहोस् ।
२६. "शुक्लाफाँटा नगरपालिका हिउँदे तरकारी उत्पादन गर्ने प्रमुख ठाउँ बन्न सक्छ" उक्त भनाइ पुष्टि गर्नुहोस् ।

**समूह 'घ'**

**तलका प्रश्नहरुको लामो उत्तर लेख्नुहोस् ।** ४×४=१६

२७. तपाईँले आफ्नो वडा कार्यालयको भ्रमण गरी त्यहाँ लगाइएको नागरिक बडापत्र अध्ययन गर्नु भएको होला । तपाईँको वडा कार्यालयबाट हुने कार्यहरु के के रहेछन् ? मुख्य चारओटा कार्यहरु लेख्नुहोस् ।
२८. "शुक्लाफाँटा नगरपालिका वडा नं. ८ मा रहेको मणिका तालले शुक्लाफाँटा नगरपालिकाको पर्यटन विकासमा टेवा पुरयाएको छ ।" यो भनाइ पुष्टि गर्नुहोस् । उक्त ताल संरक्षण गर्ने कुनै दुई उपायहरु लेख्नुहोस् ।
२९. कृषि र गैह्र कृषिमा आधारित व्यवसायबिच दुई फरक लेख्नुहोस् । तपाईँको समुदायमा सञ्चालित कुनै व्यवसायबारे छोटकरीमा वर्णन गर्नुहोस् ।
३०. प्राङ्गारिक मल बनाउने तरिका उल्लेख गर्नुहोस् ।

§ समाप्त §

## अनुसूची ३

### क. मूल्याङ्कनमा प्रयोग गरिने अक्षरहरु र तिनको व्याख्या

| सि.न. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम *(Outstanding)* |
| २. | ८० र साभेन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम *(Excellent)* |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट *(Very good)* |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम *(Good)* |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक *(Satifactory)* |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य *(Acceptable)* |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत *(Basic)* |
| ८. | ३५ भन्दा कम | १.२ | NG | अवर्गीकृत *(Not Graded)* |

### ख. निर्धारित अक्षरहरुको व्याख्याको विस्तृतीकरण

| ग्रेड | व्याख्या | व्याख्याको विस्तृतीकरण |
|---|---|---|
| A+ | सर्वोत्तम *(Outstanding)* | *Has deep and broad knowledge with highly-developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subjectmatter; an exceptional ability to organize, use, analyse and succinctly present subject matter fluently and clearly with extraordinary performance; a significant capacity for original, creative and logical thinking with superior communication skills.* |
| A | अत्युत्तम *(Excellent)* | *Has deep and broad knowledge with developed critical insight as well ascomprehensive and perceptive appreciation of the theoretical or practical subject matter; an exceptional ability to organize, use, analyse and succinctly present subject matter fluently and clearly with exemplary performance; a significant capacity for original, creative and logical thinking with advanced communication skills.* |
| B+ | उत्कृष्ट | *Has broad knowledge with developed insight as well* |

| | | |
|---|---|---|
| | *(Very Good)* | *as comprehensive andindependent appreciation of the theoretical or practical subject matter; a special ability to organize, use, analyse and succinctly present subject matter clearly with a high level of performance; a highly-developed capacity for original, creative and logical thinking with sound communication skills.* |
| B | उत्तम *(Good)* | *Has decent knowledge with developed insight as well as comprehensive and goodappreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyse and succinctly present subject matter with respectable performance; a developed capacity for original, creative and logical thinking with reasonable communication skills.* |
| C+ | सन्तोषजनक *(Satisfactory)* | *Has adequate knowledge with developing insight as well as comprehensive andreasonably good appreciation of the theoretical or practical subject matter; an ability to organize, use, analyze and succinctly present subject matter with blameless performance; some capacity for original, creative and logical thinking with sufficient communication skills.* |
| C | ग्राह्य *(Acceptable)* | *Has sufficient knowledge with developing insight as well as comprehensive andacceptable understanding of the theoretical or practical subject matter; an ability to organize, use, analyse and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with acceptable communication skills.* |
| D | आधारभूत *(Basic)* | *Has some knowledge with developing insight as well as comprehensive and partialunderstanding of the theoretical or practical subject matter; limited ability to organize, use, analyse and present subject matter with guiltless performance; limited capacity for original, creative and logical thinking with minimal participation in communication skills.* |
| NG | अवर्गीकृत *(Not Graded)* | *Has less knowledge with incomplete insight as well as comprehensive and negligibleunderstanding of the theoretical or practical subject matter; seriously deficient ability to organize, use, analyse and present subject matter; very limited capacity for original, creative and logical thinking with inadequate communication skills.* |

**अनुसूची ४** (विद्यार्थीको उपलब्धी विवरण)

विद्यालयको नामः

विद्यार्थीको नामः कक्षाः सेक्सनः रोल नः

जन्ममितिः बुवाको नामः आमाको नामः

**नतिजा विवरण (Grade Sheet)**

| क्र. सं. | विषय | आन्तरिक मूल्याङ्कन | | | वाह्य मूल्याङ्कन | | | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | क्रेडिट आवर | ग्रेड | ग्रेड प्वाइन्ट | क्रेडिट आवर | ग्रेड | ग्रेड प्वाइन्ट | | |
| १. | नेपाली | | | | | | | | |
| २. | अङ्ग्रेजी | | | | | | | | |
| ३. | गणित | | | | | | | | |
| ४. | विज्ञान तथा प्रविधि | | | | | | | | |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | | | | | |
| ६. | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | | | | | | | | |
| ७. | हाम्रो शुक्लाफाँटा | | | | | | | | |
| *Grade Point Average (GPA)* | | | | | | | | | |

कक्षाध्यापक प्रधानाध्यापक